मध्युर थिमि नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मध्यपुर थिमि, भक्तपुर

# बार्षिक सुशासन प्रतिवेदन

© Madhyapur thimi municipality

आ.व. ०७३/७४

**मध्यपुर थिमि नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय मध्यपुर थिमि,भक्तपुर**

**सुचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) बमोजिम वार्षिक सुशासन प्रतिवेदन**

# (Annual Governance Status Report)

## परिच्छेद एक

## मध्यपुर थिमि नगरपालिकाको सेवाप्रवाह अवस्था

© Madhyapur thimi municipality

**सोंच**

मध्यपुर थिमि नगरपालिकाका नगरवासीहरुको आधारभूत आवश्यकताहरु पुरा गर्दै बिशिष्ट पहिचान (Specific Identity) सहितको विकसित, सुरक्षित, प्रतिष्ठित, एक सुन्दर र जीवन्त नगरपालिका बनाउनु यो नगरपालिको दीर्घकालीन सोच (Vision) रहेकोछ।

**लक्ष्य**

मध्यपुर थिमि नगरपालिकामा परम्परागत रुपमा चल्दै आएका जात्रा, पर्व, नाच, बाजा गाजा, भाषा, कला, भेष, भुषा, संस्कृति लगायतका अभौतिक र परम्परागत शैलीका मठ, मन्दिर, पाटी, पौवा, बस्ती, भौतिक सम्पदाहरुलाई संरक्षण, संबर्द्धन र प्रवर्द्धन गर्दै पर्यटनको विकास गरिनेछ। पर्यटन विकास कै लागि आधुनिक शैलीको नमूना संरचना निर्माण गर्ने परिकल्पना गरिएको छ। नगरपालिका क्षेत्रमा रहेका शिक्षा सम्बन्धी संघ संस्थासँगको सहकार्यमा मध्यपुर थिमि नगरलाई शैक्षिक गन्तब्यको रुपमा विकास गरिनेछ । कृषि एवम् साना घरेलु उद्योग, रोजगारीमूलक ब्यवसायलाई बढावा दिईनेछ । सुरक्षित र गतिशील आर्थिक विकास केन्द्रको रुपमा नगर विकास गरिनेछ।

**उद्देश्य**

मध्यपर थिमि नगरपालिकाको मूल उद्देश्य स्वस्थ नगरवासीहरुका आधारभूत आवश्यकता पुरा गर्दै आर्थिक र शैक्षिक क्षेत्रमा सवल र सशक्त बनाई नगरको समग्र भौतिक विकास निर्माण गर्दै यो नगर समृद्ध र सुन्दर पार्नु हुनेछ।

**समग्र नीति तथा आधारहरु**

मध्यपुर थिमि नगरपालिका क्षेत्रलाई समृद्ध, सवल र सुन्दर नगर बनाउदै आत्म निर्भरताको दिशातर्फ उन्मुख बनाउन देहाय बमोजिमका समग्र नीति तथा आधारहरु लिएको छ।

## क) भौतिक विकास पुर्वाधार सम्बन्धी नीति :

- नगरपालिका क्षेत्रको दिगो, व्यवस्थित र दीर्घकालीन एवम् वातावरण मैत्री विकासका लागि नगरस्तरीय वृहत एकीकृत गुरु योजना (Comperehensive Intergeted Master Plan) तयार गरी खानेपानीको सञ्जाल (Drinking Water Supply Netwok), नगर सडक सञ्जाल (Municipal Transportation Master Plan), ढल निकास सञ्जाल (Drainage Network) शहरी विकास गुरु योजना (Urban Development Master Plan) जस्ता दीर्घकालनी योजनाहरु तयार गरी यसै आर्थिक वर्षबाट कार्यान्वयनमा ल्याइनेछ ।

- साँस्कृतिक तथा सम्पदायुक्त घना बस्ती (Core Area) हरुको संरक्षण गरिनेछ । यस्ता बस्ती र नयाँ बस्तीहरूका लागि फरक फरक प्रकृतिका विकास योजना लागु गरिनेछ । साँस्कृतिक तथा सम्पदायुक्त घना बस्तीका मूल सडक र गल्लीहरूलाई साना ढुङ्गाका घनहरू (Stone Cube) तथा ईट्टा बिछ्याई (Paving) पैदल मार्गका रूपमा विकास गरिनेछ ।

- नगरको मनोहरा र हनुमन्ते खोलामा अतिक्रमण रोकी एकीकृत रूपमा ग्रीनवेल्ट सहितको करिडोर निर्माण गरी चक्रपथ (Outer Ring Road) को निर्माण गर्ने र घना बस्तीयुक्त बोडे, नगदेश, चपाचो, बालकुमारी क्षेत्रमा छुट्टा छुट्टै चक्रपथ (Inner Ring Road) निर्माण गरी घनावस्तीमा प्रवेशको लागि सहायक सडक (Approach Road) हरु निर्माण गरिनेछ ।

- साँस्कृतिक रुपले महत्त्वपूर्ण निजी घरहरुलाई परम्परागत शैलीमा पुनः निर्माण गर्न आवश्यक निर्माण सामग्री सहुलियतमा उपलब्ध गराईनेछ । घना बस्ती भित्रका चोक, गल्ली, बहा, बिहार, पाटी, पौवा, मठमन्दिर आदिलाई परम्परागत शैलीमा पुर्ननिर्माण तथा संरक्षण गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ ।

- वृहत् नगरस्तरीय गुरुयोजना निर्माण गरी नगरपालिका क्षेत्र, सरकारी सेवाका क्षेत्र, शैक्षिक क्षेत्र, व्यावसायिक क्षेत्र, स्वास्थ्य सेवा क्षेत्र, मनोरञ्जन क्षेत्र, खेलकुद क्षेत्र, सार्वजनिक खुल्ला हरियाली क्षेत्र र पर्यटकीय क्षेत्रको छुट्टाछुट्टै व्यवस्था गरिनेछ ।

- नगरपालिकाको व्यवस्थापनमा नगर यातायातको बन्दोबस्त गरी यातायात सेवालाई प्रभावकारी बनाउनेछ । छ महिनाभित्र सम्पूर्ण सडकको मर्मत गरी खाल्डाखुल्डी रहित बनाउनेछ । नगरपालिकाका ठाउँ ठाउँमा व्यवस्थित बस पार्क निर्माण गरिनेछ र मूल सडक तथा महत्त्वपूर्ण स्थानहरुमा बस बिसौनीहरु निर्माण गरिनेछ ।

- नगरपालिकाको आफ्नै अत्याधुनिक सुविधा सम्पन्न भवन बनाईने छ । भएका वडा कार्यालय भवनहरुको स्तरोन्नति र नभएका वडाहरुमा सुविधा सम्पन्न व्यवसायिक प्रकृतिका वहुउपयोगी वडा भवन निर्माण गरी नगरवासीको सेवामा सरल र सहज पहुँच स्थापित गरिनेछ ।

© Madhyapur thimi municipality

- मध्यपुर थिमि नगरक्षेत्रको ऐतिहासिक तथा साँस्कृतिक मूल्य मान्यताको अनुभूति दिलाउने भव्य प्रकृतिका नगर क्षेत्रका प्रवेश विन्दुमा कम्तिमा ५ वटा स्वागतद्वार निर्माण गरिनेछ ।

- विद्यमान आवधिक योजनालाई समय सापेक्ष रुपमा परिमार्जन सहित समायोजन गर्दै यसै आ.व. देखि कार्यान्वयनमा लैजाने नीति लिइनेछ ।

**ख) <u>बस्ती विकास तथा घर नक्सा सम्बन्धी नीति :</u>**

- भवन निर्माण संहितालाई समय सापेक्ष परिमार्जन गर्न समग्र पक्षको समीक्षाको लागि एक समिति बनाई २ हप्ता भित्र विद्यमान कार्यविधिमा सुधार गरिनेछ ।

- विगत देखि विभिन्न कारण घर निर्माण इजाजत नभएका तर घर निर्माण भई सकेको तथा निर्माण सम्पन्न प्रमाण पत्र लिन नसकिरहेकाहरुको हकमा सार्वजनिक सूचना मार्फत निवेदन आव्हान गरिनेछ । सो निवेदनमा निर्माण इजाजत पत्र, निर्माण सम्पन्न प्रमाण पत्र लिन नसकिएको प्रष्ट कैफियत र फोटो सहित निवेदन माग गरिनेछ । प्राप्त निवेदनहरु माथि एक कार्यटोली बनाई अध्ययन गरिनेछ र सोको आधारमा कानूनी दायरा भित्र रही इजाजत पत्र र निर्माण सम्पन्न प्रमाण पत्र प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

- विगत देखि बहाखा बजारको बैकल्पिक मार्गको रुपमा प्रस्तावित ५० मिटर वाइपास सडक क्षेत्रमा घर निर्माण रोक्का राखिएकोमा नगरकार्यपालिकाको निर्णयबाट फुकुवा गरिनेछ ।

- विगतदेखि सुरक्षित क्षेत्रका रुपमा रहेको कांलाडोल–बुढाथोकी क्षेत्रलाई व्यवस्थित गर्न नगरपालिकाको नेतृत्वमा जग्गा एकीकरण विकास आयोजना लागु गरिनेछ ।

- नेपाल सरकारबाट घोषणा भएको स्याटलाइट सिटीलाई ध्यानमा राखि (स्वीकृत आयोजना क्षेत्रभन्दा बाहिर) मनोहरा क्षेत्रलाई सुरक्षित क्षेत्रका रुपमा राखिनेछ ।

- नक्शा पास नगरी वा नगरपालिकाले पत्राचार गरी रोक्नका लागि दिइएको निर्देशनलाई अवज्ञा गरी निर्माण गरिएका घर, टहरा वा अन्य संरचनालाई निरुत्साहित गर्न नगरपालिकाबाट प्रदान गरिने सबै सेवा सुविधाहरु रोक्का राखिनेछ । यस्ता नियम विपरितका संरचनालाई बेचविखनमा रोक हुनेगरी मालपोत कार्यालयमा रोक्का राख्न लेखी पठाउने नीति अवलम्वन गरिनेछ ।
- नगरपालिका भित्र नगर विकास प्राधिकरणको सहभागितामा सञ्चालनमा रहेका आयोजनाहरुलाई अन्तिम पटक म्याद थप गरि एक वर्ष पछि आयोजनाहरुलाई नगरपालिकाले स्वामित्व लिनेछ ।

**ग) <u>वातावरण संरक्षण, सम्वर्द्धन तथा पर्यटन सम्वन्धी नीति</u>**

© Madhyapur thimi municipality

- नगर क्षेत्र भित्र रहेका सार्वजनिक सरकारी पर्ति जग्गाहरुको पहिचान, लगत संकलन र संरक्षण गर्न आवश्यक बजेट बिनियोजन गरिएको छ । सबै वडाहरुमा “सार्वजनिक जग्गा संरक्षण अभियान” एक महिनासम्म सञ्चालन गरिनेछ ।

- नगर क्षेत्र भित्रका सार्वजनिक जग्गामा कुनै पनि बहानामा अन्य संघ संस्थाहरुलाई हस्तान्तरण र भोगाधिकार दिने कार्यलाई निरुत्साहित गर्ने नीति लिइनेछ ।

- नगर क्षेत्र भित्रका परम्परागत, नाच, बाजा गाजा, माटोका भाँडाकुँडा बनाउने, सेरामिक्स, हस्तकला, काष्ठकला, मुकुण्डो बनाउने तथा रंगरोगन, तरकारी बाँध्ने लगायतका कला संस्कृतिलाई एकीकृत गरी नगरको एक निर्धारित क्षेत्रमा जीवित संग्राहालय (Live Museum) को निर्माण र विकास गर्न अध्ययन यसै आर्थिक वर्षमा गरिनेछ ।

- नगरका ऐतिहासिक कला, संस्कृति, सम्पदाहरूको संरक्षण गर्न नगरस्तरीय सांस्कृतिक सङ्ग्रहालय ९ऋगतिगचबा :गकभगफ० स्थापना तथा सञ्चालन गरिने छ । संस्कृतिका क्षेत्रमा क्रियाशील रही परम्परागत कला-संस्कृतिको संरक्षण र प्रवर्द्धनमा सक्रिय व्यक्तित्वको पहिचान गर्दै सम्मान गर्ने नीतिगत ब्यवस्था गरिनेछ ।

- आन्तरिक र बाहय पर्यटकका लागि उपयुक्त हुने गरी होम स्टे (Home Stay) को व्यवस्थालाई कार्यान्वयनमा ल्याउन अध्ययन गरिनेछ ।

**घ. खानेपानी, ढल निकास तथा सरसफाई सम्वन्धी नीति :**

- मध्यपुर थिमि नगर क्षेत्रबाट काठमाण्डौ र भक्तपुरसम्म खानेपानी वितरण यस नगरपालिका क्षेत्र भित्रबाटै भईरहेको विद्यमान अवस्थामा नगरपालिका क्षेत्र भित्र खानेपानी वितरणलाई प्राथमिकता दिई वितरण प्रणालीलाई सुधार गरिनेछ ।

- टिगनी बोडे देखि बहाखा बजारको भीमसेन स्थान By Pass Pipe Line वितरणका लागि दश इन्चको थप पाइपलाइन विस्तार गरिनेछ ।

- नगरपालिकाको १,२, ३ वडालाई लक्षित गरी खानेपानी समस्या समाधान गर्न गट्ठाघर क्षेत्रमा करिव ५ लाख लिटरको खानेपानीको Overhead Tank निर्माणका लागि अध्ययन गरिनेछ ।

© Madhyapur thimi municipality

- नगरले धान्न सकिने जनसंख्या प्रक्षेपण (Saturated Population Forecast) गरी दीर्घकालसम्म पुग्ने गरी खानेपानी वितरण प्रणाली (Drinking Water Network Plan) तयार गर्न बिज्ञहरु मार्फत अध्ययन गरिनेछ ।

- नगर क्षेत्र भित्रको फोहर संकलन मात्र नभई व्यवस्थापनलाई पनि ध्यानमा राख्दै प्रत्येक वडामा उपलब्ध खोंचहरुलाई वहुपक्षीय उपयोगमा ल्याउन गुरुयोजना सहित Land Development Site का रुपमा विकास गरिनेछ । नगरपालिकामा उपलब्ध दुईवटा फोहोर संकलन गर्ने सवारी साधनलाई तालिका बनाई फोहोर संकलनको व्यवस्था मिलाइनेछ ।

- फोहरलाई श्रोतमा नै वर्गीकरण गर्ने प्रावधान अन्तर्गत नगरपालिकाको गाडीमा फोहर फाल्ने हालको प्रवृत्तिको सट्टामा घरघरमा नै कुहिने र नकुहिने फोहर छुट्याउन फरक फरक रंगका डष्टबिन वितरण गरिनेछ र त्यसरी छुट्टाइएका फोहर मात्र नगरपालिले तोकेको कार्यतालिका अनुरुप कुहिने र नकुहिने फोहोर संकलन गर्न आउने सवारी साधनबाट संकलन गरिने व्यवस्था मिलाईनेछ ।

ङ) **आर्थिक विकास सम्बन्धी नीति :**

- आय वृद्धि सम्बन्धी अल्पकालीन र दीर्घकालीन योजना तर्जुमा गरी लागु गरिनेछ । व्यवसाय दर्ता प्रक्रियालाई सहज एवं सरल बनाइनेछ । प्रगतिशील कर प्रणाली लागू गरी प्रभावकारी कर संकलन गरिनेछ । नगरिवासीलाई कर तिर्नुपर्ने औचित्य पुष्टि गर्ने र कर तिर्नुको प्रतिफल पाएको अनुभूति दिने कार्यगत व्यवस्था मिलाइनेछ ।

- पौराणिक, ऐतिहासिक, मौलिक सम्पदा र संस्कृतिलाई जर्गेना गरी अधिकतम् प्रयोग र प्रवर्द्धन गरी गतिशील आर्थिक कार्यमा सहयोग पुग्ने योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

- मध्यपुर थिमि नगरभित्र व्यवस्थित रूपमा सःशुल्क पार्किङ्ग क्षेत्रहरू निर्माण गरी आय बृद्धि गरिनेछ ।

- नगरवासीको स्वास्थ्यलाई ध्यानमा राखी चुरोट, खैनी, वियर जस्ता सुर्ती र मदिराजन्य सामग्रीको बिक्रीका लागि निश्चित स्थान तोकिनेछ ।

- स्थानीय क्षेत्रमा उत्पादित सामग्री तथा उत्पादन विधिको प्रवर्द्धन तथा व्यवसायीकरण गरिनेछ । विभिन्न सीपमूलक तथा उद्यमशीलता विकास तालिमहरू सञ्चालन गरी रोजगारी सृजना गरिनेछ ।

© Madhyapur thimi municipality

## च) संस्थागत सुदृढीकरण तथा मानव संशाधन व्यवस्थापन सम्बन्धी नीति :

- नगरपालिकाको उपलव्ध जनशक्तिलाई आवश्यक तालिम प्रशिक्षणको माध्यमबाट मानव संसाधन विकास एवं क्षमता अभिवृद्धि गरी कर्मचारीहरुलाई सेवामुखी एवं जवाफदेही पूर्ण वनाउदै जनतामा पुऱ्याउने सेवा प्रवाहलाई प्रभावकारी तुल्याउने प्रयास गरिनेछ । नगरपालिकाको कार्यप्रकृति अनुसार आवश्यक पर्ने जनशक्ति नेपाल सरकारबाट प्राप्त गर्ने नीति लिइनेछ ।

- विशेष प्रकृति, आकस्मिक कार्य तथा कार्यप्रकृति अनुरुप जनशक्ति नपुग भएको अवस्थामा नगरपालिकाले आफ्नो आन्तरिक श्रोतबाट ब्यवस्थापन गर्ने गरी निश्चित अवधिका लागि कार्यविवरण तोकि संझौता बमोजिम वाहिरबाट (Out Sourcing) काममा लगाउने नीति लिइनेछ ।

- सुशासन प्रबर्द्धन, पारदर्शिता तथा जबाफदेहिता बृद्धि गर्दै जनताले अपेक्षा गरे अनुरुपको सेवा प्रवाह गर्न सक्ने बनाउन समन्बय र सहकार्यलाई बिशेष प्राथमीकता दिईनेछ ।

- स्वदेशी विदेशी स्थित विभिन्न नगरपालिकाहरुसँग भगिनी सम्वन्ध (Sister City Relation) स्थापित गर्न विशेष कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइनेछ ।

- कर्मचारीहरुलाई विभिन्न प्रकृतिको कार्य गर्ने क्षमता विकासका लागि २६ औं नगर परिषद्बाट स्वीकृत आन्तरिक सरुवा सम्वन्धी मापदण्डलाई कडाईका साथ कार्यान्वयनमा ल्याईनेछ । भगिनी सम्वन्ध भएका नगरपालिकाहरुको जनशक्तिलाई अनुभव आदान प्रदान गर्न आपसी सहमतीको आधारमा खाका बनाई कार्यान्वयनमा ल्याइनेछ ।

- २०७४ साल जेष्ठ ११ गते निर्वाचित जनप्रतिनिधिहरु वहाल भएको अवस्था पछि र विगतको अवस्थाको तुलनात्मक अध्ययन गर्न मिल्ने गरी हरेक क्षेत्रको वस्तुस्थिति विवरण (Baseline Study) तयार गरिनेछ ।

- नगर कार्यपालिकाको विद्यमान संगठन संरचना र दरवन्दीलाई निरन्तरता दिदैं आगामी दिनमा अनुभव र अध्ययनका आधारमा पुनरावलोकन गर्दै समयसापेक्ष र नतिजामुखी बनाउदै लगिनेछ ।

## छ) वित्तीय व्यवस्थापन तथा श्रोत परिचालन सम्वन्धी नीति :

- वित्तीय व्यवस्थापन तथा श्रोत परिचालन- नगर विकासको प्रमुख आधारलाई मूलमन्त्रको रुपमा लिई आन्तरिक श्रोत वृद्धि गर्ने तर्फ राजस्व असुलीका लागि नगर प्रहरीको गस्ती टोली परिचालन गरिने छ । साथै वित्तीय व्यवस्थापनको अनुगमन तथा सुपरिवेक्षण कार्यलाई एक कार्यदल बनाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।

© Madhyapur thimi municipality

- एकीकृत्त सम्पत्ति करलाई कार्यान्वयनमा ल्याउन अध्ययन कार्यदलबाट एक प्रतिवेदन लिइनेछ । एकीकृत सम्पत्ति कर कार्यान्वयनमा ल्याउनुभन्दा अगाडि सभामा पेश भएको आर्थिक ऐन बमोजिम राजस्व संकलन गर्ने ब्यवस्था मिलाइनेछ ।

- प्रचलिन कानून अनुसार निर्धारण भएको कर रकम असुलीलाई विशेष प्राथमिकतामा राखी कार्यान्वयनमा ल्याइनेछ । वक्यौता कर असुलीका लागि एक कार्यदल गठन गरिनेछ । वक्यौता कर असुली गर्न सूचना गर्दा गर्दै अटेर गरी थप बक्यौता राख्ने करदाताको चल अचल सम्पत्ति रोक्का सम्म राख्ने नीति लिइनेछ ।

- भौतिक पूर्वाधार विकास तथा लक्षित वर्गका कार्यक्रमहरु सञ्चालन गर्दा विगतका वर्षहरुमा उपभोक्ताबाट न्यूनतम् नगद सहभागिता वापतको २० प्रतिशत रकम राख्ने नपर्ने र सोको सट्टामा २० प्रतिशत जनश्रमदान गर्न सक्ने नीतिगत व्यवस्था गरिएकोछ । स्थानीय उपभोक्ता समिति मार्फत ढल र खानेपानीको आयोना सञ्चालन गर्दा भने कूल लागतमा ३० प्रतिशत जनसहभागिता रहने नीतिगत ब्यवस्था गरिएकोछ । उपभोक्ता समितिबाट कार्य गर्ने भनी नगरपालिका समक्ष भएको संझौताको विपरीत यस्तो कार्य ठेकेदार वा तेश्रो पक्ष मार्फत गराएको भन्ने देखिएमा त्यस्ता उपभोक्ता समितिबाट भएको कार्यको भुक्तानी रोक्का राखी संझौता स्वतः रद्द हुनेछ । उपभोक्ता समितिको सञ्चालन तथा ब्यवस्थापन सम्वन्धी विद्यमान कार्यविधिमा समसामयिक सुधार गरी नगर कार्यपालिकाबाट स्वीकृत गरी लागु गरिनेछ ।

- स्थानीय उपभोक्ता समितिबाट लागत सहभागितामा नगर पूर्वाधार विकासका लागि अनुरोध भई आएमा सबैभन्दा वढि लागत सहभागिता गर्ने उपभोक्ता समितिको प्रस्तावलाई प्राथमिकतामा राखी कार्य गर्ने नीति लिइनेछ । यसको लागि एक मुष्ठ रकम विनियोजन गरिएको छ ।

ज). **<u>आर्थिक अनुशासन, मितव्यीयता तथा पारदर्शिता सम्बन्धी नीति :</u>**

- यस नगरपालिकामा साल वसाली रुपमा रहदै आएको पुरानो पेश्की, वेरुजू फछ्र्यौट गर्ने कार्यलाई प्रभावकारी बनाउन एउटा छुट्टै कार्यदल गठन गरी असुल उपर गर्नुपर्ने रकम यसै आर्थिक वर्ष भित्र कडाईको साथ असुल उपर गरिनेछ ।

- नगरपालिकाबाट योजना सञ्चालन गर्दा सकेसम्म योजनामा पेश्की नदिई रनिङ्ग विलको आधारमा कामको भुक्तानी दिने परिपाटीलाई निरन्तरता दिईनेछ । साथै पहिलेको पेश्की फछ्र्यौट नगरी पुनः सोही पक्षलाई अर्को पेश्की नदिईने कार्यलाई निरन्तरता दिईनेछ ।

- नगरपालिकाबाट सञ्चालित भौतिक पूर्वाधार विकास सम्बन्धी योजनाहरुको कार्य सम्पन्न भए पश्चात अन्तिम भुक्तानी दिनु अघि अनिवार्य रुपमा सार्वजनिक परीक्षण गर्न लगाई सोको प्रतिवेदन प्राप्त भएपछि मात्र अन्तिम भुक्तानी दिने तथा योजना जाँचपास फरफारक गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

© Madhyapur thimi municipality

- आर्थिक वर्षको अन्त्यमा आएर आयोजना स्वीकृत गरी कार्यान्वयन गर्ने प्रथाको अन्त्य गरिनेछ । आर्थिक वर्ष २०७४।७५ मा वैशाख महिना देखि स्वीकृत आयोजना समेत कार्यान्वयन गर्ने गरी संझौता गरिने छैन ।

- आर्थिक वर्ष २०७४।७५ उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनामा उपभोक्ता समितिको गठन, योजना संझौता गर्दा सम्वन्धित वडाको वडा अध्यक्ष रोहवरमा वस्ने र यस्ता योजनाको अन्तिम किस्ता भुक्तानी गर्दा सम्वन्धित वडाको सिफारिश चाहिने व्यवस्थालाई कडाइका साथ पालना गर्ने नीति लिइनेछ ।

**झ) स्वास्थ्य सम्वन्धी नीति :**

- मध्यपुर थिमि नगरपालिकाको सहयोगमा संचालित नेपाल कोरिया मैत्री अस्पतालमा थप साधन स्रोत जुटाई सुव्यवस्थित रुपमा सञ्चालन गरी स्थानीय जनतालाई स्तरीय स्वास्थ्य सेवा प्रदान गर्न उचित कदम चालिनेछ । यस अस्पताललाई विज्ञहरु मार्फत सञ्चालन गर्न विज्ञहरुको टोली गठन गरी व्यवस्थापनलाई पूर्ण अस्पताल मैत्री पेशागत समूह मार्फत सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

- मध्यपुर थिमि क्षेत्रलाई प्रमुख स्वास्थ्य केन्द्रको रुपमा यसको सञ्चालनको व्यवस्था मिलाइ आम नगरवासीको सुविधालाई ध्यानमा राखी सिफारिश गरी आउने केन्द्र (Reffer Center) को रुपमा संस्थागत गर्दै लगिनेछ । प्रत्येक वडामा कम्तिमा एक एक वटा शहरी स्वास्थ्य केन्द्र विषयगत कार्यालयहरुसँग समन्वय गरी सञ्चालनमा ल्याइनेछ ।

- नेपाल कोरिया मैत्री अस्पतालमा अभिलेखित सम्पूर्ण संरचनाहरुमा नेपाल कोरिया मैत्री अस्पताल भनी लिपिबद्ध गर्ने व्यवस्था मिलाइनेछ । नेपाल कोरिया मैत्री अस्पताल अन्तर्गत सञ्चालन गर्न लागिएको नर्सिङ्ग कलेजलाई रणनैतिक आधारमा व्यवस्थापन गर्दै भविश्यमा मेडिकल कलेजको रुपमा रुपान्तरण गर्ने गरी सञ्चालनको नीति लिइनेछ ।

- मध्यपुर थिमिलाई उपत्यका भित्रको स्वास्थ्य केन्द्रको शहरको रुपमा विकास गर्न मध्यपुर थिमि भित्रका स्वास्थ्य संस्थाहरुसँग सहकार्यात्मक संस्कृतिको विकास गरी अत्याधुनिक स्वास्थ्य उपकरणको प्रयोग र सञ्चालनको रणनैतिक योजना तयार गरी प्रयोगमा ल्याउने व्यवस्था मिलाइनेछ ।

- विषयगत कार्यालयको रुपमा स्वास्थ्य क्षेत्रबाट हस्तान्तरण भई आउने जनशक्ति, प्रविधि र बजेटलाई मध्यपुर थिमिको आवश्यकता अनुसार नगर कार्यपालिकाको निर्णयानुसार परिचालन र व्यवस्थापन गर्ने नीति लिइनेछ ।

© Madhyapur thimi municipality

- आम नागरिकको स्वास्थ्य सम्वन्धी मौलिक हकको कार्यान्वयनलाई संस्थागत गर्न नेपाल सरकारको स्वास्थ्य वीमा कार्यक्रमलाई सबै नगरवासीमा पहुँच स्थापना गर्न नगरपालिकाको तर्फबाट थप लगानी गर्ने नीति लिइनेछ ।

ञ) **नगर सुरक्षा सम्वन्धी नीति :**

- मध्यपुर थिमि नगरपालिका भित्रका नेपाल सरकारको सुरक्षा निकायहरुसँग नगरपालिकाको तर्फबाट समन्वयात्मक कार्य गरी नगर क्षेत्रको शान्ति सुव्यवस्थालाई प्रभावकारी बनाइने नीति लिइनेछ ।

- नगरपालिका भित्र नगर कानूनको प्रभावकारी अनुगमनका लागि नगरप्रहरीको व्यवस्था गरिनेछ ।

- मध्यपुर थिमि भित्र सुरुवात गरिएको सिसिटिभि क्यामेरालाई थप स्थानहरुमा विस्तार गरी आम नगरवासीमा थप सुरक्षाको अनुभूति दिलाउन यस क्षेत्रमा थप लगानी गर्ने नीति लिइनेछ ।

ट) **खेलकूद तथा मनोरञ्जन सम्वन्धी नीति :**

- मध्यपुर थिमि क्षेत्रलाई खेलकूद केन्द्रको रुपमा विकास गर्न हाल सञ्चालनमा रहेका सार्वजनिक खेल मैदानहरुलाई नगरपालिकाले थप लगानी गरी स्तरउन्नती गर्ने नीति लिइनेछ ।

- मध्यपुर थिमि क्षेत्र भित्र रहेका सार्वजनिक पर्ति जग्गाहरुमा कम क्षेत्रफलमा खेल्न मिल्ने खालका खेलहरु खेल्न र खेलाउन सक्ने गरी त्यस्ता क्षेत्रहरुको पहिचान गर्दै विकास गर्न नगरपालिकाबाट संस्थागत लगानी गर्दै जाने नीति लिइनेछ ।

- मध्यपुर थिमिका आम युवाहरुको मागलाई सम्वोधन हुने गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने खेलाडीहरुको संभावनाको विकास गर्न आधुनिक सुविधा सम्पन्न उच्च प्रविधियुक्त कभर्ड हल निर्माण गरिनेछ ।

- मध्यपुर थिमि नगरलाई नवीन सोंचका साथ मनोरञ्जन मैत्री केन्द्रको रुपमा विकास गर्न यस नगर क्षेत्रका खुला क्षेत्रहरु जस्तो निलवाराही, विष्णुविर, वनदेवी, इन्दायणी, बुद्ध विहार, महालक्ष्मी स्थान, देवु, ध्रुवधारा आदि आसपासका क्षेत्रहरुलाई सीमांकन गरी जग्गा विकास गर्दै जाने र यी क्षेत्रहरुमा स्थानीय जनताको स्वामित्व रहने गरी विविध प्रकृतिका उद्यानहरुको निर्माण गर्दै जाने नीति लिइनेछ ।

© Madhyapur thimi municipality

- नगरक्षेत्रका विविध क्रियाकलापहरुको व्यवस्थित सञ्चालन हुन सक्ने खालको वहुउपयोगी सभागृहको निर्माण गरिनेछ । यस्तो सभागृह ब्यवसायिक मान्यता अनुरुप सञ्चालन तथा ब्यवस्थापन गर्न निजी क्षेत्रसँग सहकार्य गर्न सक्ने नीति लिइनेछ ।

ठ) **कृषि विकास सम्वन्धी नीति :**

- मध्यपुर थिमि नगरपालिका काठमाण्डौं उपत्यकामा हरियो सागसब्जीका लागि श्रोत केन्द्रको रुपमा परिचित रहेको सन्दर्भमा परम्परागत रुपमा गरी आएको कृषि कार्यमा आधुनिकीकरण, उन्नत बीउ विजन वितरण, अर्गानिक खेती प्रणालीको प्रयोग र यस क्षेत्रमा युवाको आर्कषण बढाउने नीति लिइनेछ । सिंचाई सुविधाका लागि सानो ट्यूववेल अनुदान, उत्पादित सामाग्रीहरुको प्रमाणीकरण, बजार प्रवर्द्धन, शीत भण्डार निर्माणमा थप लगानी गर्दै जाने नीति लिइनेछ ।

- मध्यपुर थिमि क्षेत्रमा विकास हुँदै गएको शहरीकरणलाई मध्यनजर गर्दै एक निश्चित क्षेत्रलाई कृषि क्षेत्र भनी निर्धारण गरी त्यस्ता क्षेत्रमा प्राकृतिक कृषि प्रणालीको प्रतिकूल हुने गरी भौतिक संरचनाहरुको निर्माण र विकास कार्यमा रोक लगाउने नीति लिइनेछ । यस्ता क्षेत्रमा कृषि उपजको उत्पादन गर्ने कृषकहरुलाई नगरपालिकाको तर्फबाट प्रोत्साहन स्वरुप थप अनुदान उपलब्ध गराउदै जाने नीति लिइनेछ ।

ड) **शिक्षा सम्वन्धी नीति :**

- मध्यपुर थिमि नगर क्षेत्रलाई शैक्षिक गन्तव्यस्थलको रुपमा विकास गर्न रणनैतिक योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

- मध्यपुर थिमि क्षेत्र भित्र विषयगत शाखाको रुपमा हस्तान्तरण भई आउने सामुदायिक विद्यालयहरुलाई व्यवस्थित रुपमा सञ्चालन गर्ने र शिक्षाको गुणस्तर बृद्धि गर्दै निजी क्षेत्रका शैक्षिक संस्थाहरुसँगको गुणस्तरमा समकक्षता हुने गरी सुधार कार्ययोजना निर्माण गरी कार्यान्वयनमा ल्याउनेछ ।

- मौलिक ज्ञान र सीपलाई अधिकतम् उपयोग गरी आधुनिक बैज्ञानिक प्रविधिलाई जोडेर व्यवहारिक सिकाइद्वारा गुणस्तरीय शिक्षाको केन्द्र देखि विश्व विद्यालय शिक्षासम्म, व्यवसायिक शिक्षा देखि प्राविधिक शिक्षासम्मका शिक्षण संस्थाहरुसँग सहकार्य गरी शिक्षामा प्रत्येक नगरवासीको पहुँच स्थापित गर्ने नीति लिइनेछ ।

- आधारभूत तहदेखि नै नमूना सामुदायिक विद्यालय नगरपालिकाको तर्फबाट सञ्चालन गरिनेछ ।

© Madhyapur thimi municipality

- नगर क्षेत्र भित्र रहेका सामुदायिक विद्यालय मध्ये छनौट गरिएको सामुदायिक विद्यालयमा वार्षिक रुपमा नगरपालिकाको तर्फ लगानी गर्दै नगर क्षेत्रकै उत्कृष्ट विद्यालयको रुपमा विकास गर्ने नीति लिइनेछ ।

- नगरको शिक्षा विकासको लागि सामुदायिक तथा संस्थागत विद्यालय बीच सहकार्यको कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।

- नगर विकासमा टेवा पुग्ने गरी शैक्षिक अनुसन्धान केन्द्र स्थापना गर्न अध्ययन कार्यदल गठन गरिनेछ ।

- नगरपालिकाबाट आधुनिक सुविधायुक्त पुस्तकालय संचालन गर्ने कार्यलाई प्राथमिकतामा राखिएकोछ ।

ढ) **समाज कल्याण तथा सामाजिक विकास सम्वन्धी नीति :**

- नगर क्षेत्रमा बसोवास गर्ने पिछडिका वर्ग समुदाय, जेष्ठ नागरिक, असहाय अशक्त अपाङ्ग महिला तथा वालवालिकाको सशक्तिकरण र सामाजिक तथा आर्थिक समानुपातिक विकासका लागि लक्षित गरी बिशेष कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

- शहरी समाज परिचालन प्रकृयाबाट नगरका न्युन आय भएको ब्यक्तीहरुको लागि समुदायको सहभागितामा टोल विकास संस्थाहरु समेतको परिचालन गरी दिगो जिविकोपार्जनको सुनिश्चितताको लागि उद्यम विकास, प्रविधि हस्तान्तरण, स्वरोजगार, सीप विकास जस्ता लक्षित कार्यक्रम बनाई प्रभावकारी रुपमा संचालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

- ऐतिहासिक धार्मिक, सांस्कृतिक तथा पर्यटकिय महत्वका स्थान, कला, संस्कृति, जात्रा, सम्पदाहरुको संरक्षण, सम्वर्द्धन र विकासका लागि अक्षय कोष स्थापना गर्ने कार्यक्रममा प्रोत्साहन दिने नीति लिइनेछ ।

- नगर क्षेत्र भित्र गरिबी न्यूनिकरणका लागि विपन्न बस्तीहरुको पार्श्वचित्र (गरिबी प्रोफाईल) र रणनीतिका आधारमा आधारभूत पूर्वाधारको विकास, सीप विकास र लक्षित कार्यक्रमहरुको संचालनमा जोड दिईनेछ ।

- अल्पसंख्यक गरिव पिछडिएका जातजातिका बेरोजगार समुदायका व्यक्तिहरुलाई लक्षित आयमूलक, सीपमूलक तथा स्वरोजगारमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

© Madhyapur thimi municipality

- सामाजिक क्षेत्रमा उदाहरणयीय कार्य गर्ने उपभोक्ता समिति, टोल बिकास संस्था, महिला समूह, यूवा समुह, बाल क्लब, उत्कृष्ट करदाता छनौट गर्न एक कार्यविधि निर्माण गरी पुरस्कृत गर्ने नीति लिईनेछ ।

- रोधराधे श्यामा श्यामा धाम परिसर सीमा पर्खालको पूर्व, पश्चिम र उत्तर तर्फ एक सय फिट तथा दक्षिणमा अरनिको राजमार्गसम्मको चारकिल्ला भित्र मदिरा तथा माछा मासु जन्य पदार्थहरुको उत्पादन, वेचविखन तथा यस्ता पदार्थ उपभोग गर्ने रेष्टुरेष्ट, वार वा होटल, पसल सञ्चालन गर्न नदिने नीति लिइनेछ ।

**विद्यमान अवस्थाको समीक्षा :**

ऐतिहासिक, साँस्कृतिक र पुरातात्विक महत्व वोकेको राजधानी शहरमा रहेको यस मध्यपुर थिमि नगरपालिका नेपालका अन्य नगरपालिकाको तुलनामा विशिष्ट साँस्कृतिक मूल्य मान्यता र विकासको ठुलो संभावना वोकेको शहरी क्षेत्र हो । हाम्रो कला हाम्रो संस्कृति : मध्यपुर थिमि हाम्रो सम्पत्ति भन्ने मूल मर्मसाथ विकासको पथमा अगाडि लम्कीरहेको यस नगरपालिका क्षेत्रका आफ्नै मौलिक प्रकृतिका सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीहरु नभएका होइनन् । जसको सहि र बस्तुनिष्ठ आकलनबाट यस नगरक्षेत्रको वास्तविक विकासको गन्तव्य पहिचान गर्न सहयोगी सिद्ध हुनेछ ।

**<u>सवल पक्ष :</u>**

कला, संस्कृति र ऐतिहासिक धरोहरको रुपमा परिचित ३ नं. प्रदेश काठमाण्डौं उपत्यकाको मध्यभागमा अवस्थित यस नगरपालिका वास्तवमा असीमित संभावना वोकेको सामरिक महत्वको शहर हो । यस नगरक्षेत्र भित्रको साक्षरता दर प्रतिशत उच्च हुनु, विभिन्न क्षेत्रका विद्वान वर्गको वाक्लो उपस्थिति, भौगोलिक हिसावबाट प्राकृतिक विपत्ती ज्यादै न्यून, नगरक्षेत्र नदि किनारा बीचमा अवस्थित, पानी ढलका हिसावले डुवानमुक्त, खानेपानीको मुहान श्रोत, शैक्षिक, खेल तथा स्वास्थ्यका हिसावले केन्द्र, विस्केट जात्रा, जिव्रो छेड्ने जात्रा, गाईजात्रा, ईन्द्रजात्रा र पुलुकिसि जात्रा, महाकाली नाच, भैरब नाच, निलबाराही गण नाच, ईन्द्र अप्सरा नाच, हनुमान नाच, अष्टमात्रिका नाच, नगरक्षेत्र भित्र यद्यपि कायम रहेका खुला क्षेत्रहरु, सार्वजनिक प्रति सरकारी जग्गाहरु, मल्लकालीन कला संस्कृति, पाटी पौवा, कुवा, चोक, मठ, मन्दिर, इनार, पोखरी, काठमाण्डौं उपत्यकाको ६ लेनको अरनिको राजमार्गको अधिकाशं भाग यस नगर क्षेत्रमा अवस्थित हुनु आदि यस नगरको व्यवस्थित, बैज्ञानिक र आधुनिक नमूना स्मार्ट सिटिको रुपमा विकास गर्न सकिने हाम्रा असीमित संभावनाका लागि सवल पक्षहरु रहेका छन् । यस नगरक्षेत्र भित्रको सामाजिक साँस्कृतिक सद्भाव, मेलमिलाप र भाइचारा, सामाजिक उत्तरदायित्वको भावना र सहकार्यको संस्कृति अर्को हाम्रो सवल पक्ष हो ।

**<u>कमजोर पक्ष :</u>**

नगरपालिका घोषणा भएपछि एक कार्यकाल मात्र निर्वाचित जनप्रतिनिधिको नेतृत्वमा नगरपालिका सञ्चालन भयो । उक्त समयमा निर्वाचित जनप्रतिधिको नेतृत्वमा नगरपालिकाको पूर्वाधार

© Madhyapur thimi municipality

विकास तथा निर्माण सम्वन्धी विनियमावली, २०५७ निर्माण गरियो । नगर क्षेत्रमा भएका भूभागहरुको बर्गीकरण भयो । घर जग्गा नक्सापास मापदण्डका लागि नीतिगत ब्यवस्था भयो । २०५९ साल श्रावण १ गते देखि २०७४ साल वैशाख ३० सम्म स्थानीय निकायको निर्वाचन हुन नसक्दा अन्य स्थानीय निकाय जस्तै यस नगरपालिकाले समेत निर्वाचित जनप्रतिनिधिबाट स्थानीय स्वायत्त शासनको अभ्यासलाई आत्मसाथ गर्न सकेन । निर्वाचित जनप्रतिधिको रिक्तताको अवस्थाले बनेका नीतिगत व्यवस्थाको कार्यान्वयनमा सुस्तता आउनुका साथै नवीन सोँचको सुधार योजनाले समेत मूर्तरुप लिन सकेन । यस्तो परिस्थितिले यस नगरपालिका क्षेत्रमा शहरी विकासको आधारभूत मापदण्डको प्रभावकारी कार्यान्वयन हुन नसक्नु, नगर क्षेत्रका सार्वजनिक प्रति जग्गाहरुको प्रभावकारी ब्यवस्थापन गर्दै वहुपक्षीय उपयोगमा ल्याउन नसक्नु, सुरक्षित, संरक्षित हरियाली क्षेत्र भनी तोकिएका क्षेत्रहरुमा विना योजना र स्वीकृति भौतिक संरचनाको निर्माण हुनु, नगरपालिकाको स्वीकृत मापदण्ड अनुसार सडक, ढल, खानेपानी, विद्युत जस्ता विकासका पूर्वाधारहरुको वैज्ञानिक र समुचित व्यवस्थापन गर्न नसक्नु, नगरपालिकको प्रशासकीय भवन, सामुदायिक भवन, सिटीहल तथा अन्य व्यवस्थित भौतिक पूर्वाधारको समय सापेक्ष ब्यवस्था गर्न नसक्नु, नगरपालिका क्षेत्रमा सुरक्षित र ब्यवस्थित पार्किकस्थलको ब्यवस्थापन गर्न नसक्नु र नगरक्षेत्र भित्र उत्पादन हुने फोहोरको समुचित ब्यवस्थापन गर्न नसक्नुलाई कमजोर पक्षको रुपमा पहिचान गरिएको छ । साथै, नगरपालिकाबाट निर्माण भएको नीति, नियम र मापदण्डको कडाईका साथ सबैलाई समान ब्यवहार हुने गरी कार्यान्वयन प्रक्रियामा लैजान नसकिनुका साथै नगर प्रहरीको ब्यवस्था हुन नसक्नुलाई समेत थप कमजोर पक्षको रुपमा पहिचान गर्न सकिन्छ ।

**<u>अवसर :</u>**

विगतमा स्थानीय निकायको रुपमा रहेको यस नगरपालिका नयाँ संविधानको भावना र मर्म अनुरुप स्थानीय तहमा स्थापित भई निर्वाचित जनप्रतिनिधिबाट मध्यपुर थिमि नगरपालिकामा नगर कार्यपालिका, नगर व्यवस्थापिका र न्यायिक समिति जस्ता स्थानीय सरकारका अवयभबाट संञ्चालन हुनु यो आफैमा ठुलो अवसर हो । राज्य शक्तिको बाँडफाँड, संविधानको अनुसूची ८ र ९ मा भएको ब्यवस्था, नेपाल सरकारले गरेको कार्य विस्तृतीकरण र विषयगत मन्त्रालय तथा विभागका संयन्त्र, जनशक्ति र बजेट सहितको कार्यक्रम हस्तान्तरण भई आउनु यस नगरपालिकाको समुचित विकास ब्यवस्थापनको असल अभ्यासका लागि अर्को ठुलो अवसरको रुपमा रहेको छ । सिंहदरवारको राज्यशक्ति नगर सरकारमा मात्र आएको छैन, जिल्लाको सेवा नगरपालिकामा र नगरपालिकाको सेवा प्रवाह वडातहमा र विगतको वडा तहको सेवा जनताको घरदैलोसम्म पहुँच स्थापित गर्ने यो अर्को सुनौलो अवसर हामी सामुछ । नगर सभाबाट बन्ने ऐन, नगर कार्यपालिकाबाट बन्ने नीति, नियम, कार्यविधिबाट आम नगरवासीको चाहना दिनमा चौविसै घण्टा, हप्तामा सातै दिन, संसारको जुन सुकै भूभाग वा स्थानमा रहेपनि विना लाईन प्रविधि मैत्री प्रक्रियाबाट जनअपेक्षा अनुसार आगामी दिनमा नगरको सेवामा जनताको सरल, सहज, पारदर्शी र न्यायिक पहुँच स्थापनाको ढोका समेत खोलिएको छ । विगतमा निर्वाचित जनप्रतिनिधिको रिक्तताको अवस्थामा हुन नसकेका स्थानीय श्रोत परिचालन तथा ब्यवस्थापन, सार्वजनिक पर्ति जग्गाको संरक्षण गर्दै वहु प्रयोगका साथै मनोहरा हनुमन्ते खोलाको

© Madhyapur thimi municipalty

बैज्ञानिक कोरिडर निर्माण गर्दै यस नगरलाई देशकै सुन्दर, व्यवस्थित, सफा र संभावना वोकेको आधुनिक जीवन सुविधा सम्पन्न नमूना स्मार्ट सिटिको रुपमा विकास ब्यवस्थापन गर्दै अगाडि बढ्ने अवसर समेत हामी सामु आएको छ ।

**चुनौती :**

संवैधानिक भावना र मर्म अनुरुप स्थानीय तहको सरकार आफैमा सवल र सक्षम हुन सक्दछ । तथापि विद्यमान परिस्थिति र परिवेशलाई मध्यनजर गर्दा यस मध्यपुर थिमि नगरपालिका समक्ष समेत नगरलाई अपेक्षित नतिजातर्फ उन्मुख गराउदै गर्दा अनेकौ चुनौतीहरुको सामना गर्नु पर्नेछ । नगर विकासका सम्वन्धमा आम नागरिकबाट प्राप्त योजनाहरुको ब्यवस्थापनका लागि वित्तीय श्रोतको परिचालन, कार्यवोझ अनुरुप नेपाल सरकारबाट प्राप्त हुने न्यून वित्तीय समानीकरण अनुदान, सेवा प्रवाहका लागि कार्य प्रकृति अनुरुप प्रशासकीय भौतिक संरचनाको कमजोर अवस्था, कार्यरत जनशक्तिको क्षमता र विज्ञता, विषयगत मन्त्रालय तथा विभागबाट प्राप्त हुने कार्यक्रम र बजेटको नतिजामुलक कार्यसम्पादन, प्राप्त अधिकार र कार्यक्षेत्र अनुरुप कार्य गर्ने संस्कृति, जनताको बढ्दो माग र अपेक्षाको उचित सम्वोधन, निर्वाचित जनप्रतिनिधि, कर्मचारी र जनता बीचको त्रिपक्षीय उत्तरदायित्व निर्वाहको अवस्था जस्ता वहुआयामिक पक्षहरु नगर सरकारको सुशासन, विकास र प्रभावकारी सेवा ब्यवस्थापनका क्षेत्रमा देखा पर्ने चुनौतीहरु हुन् । फोहरमैला व्यवस्थापनका लागि ढुवानी साधन, ट्रान्सफर स्टेशन र ल्याण्डफिलसाईटको अभाव, अव्यवस्थित तीव्र शहरीकरण, मनोहरा क्षेत्रमा सुकुम्वासी बस्ती व्यवस्थापन, पुराना बस्तीमा शहरी विकास अवधारणा अनुरुप कार्य गर्न कठिनाई, नगरपालिका भित्रका सुरक्षित क्षेत्रमा नगरपालिकाको स्वीकृत बिना घर निर्माण कार्यमा तीव्रता र ती घरको व्यवस्थापनमा कठिनाई, पुराना बस्तीहरुमा भुकम्प पछिको पुनर निर्माण कार्यले पूर्णता नपाएको, भु- उपयोग नक्शाको (Land use plan) को प्रभावकारी कार्यान्वयन हुन नसक्नु, ढल व्यवस्थापन, अधुरा योजना र पुरानो पेश्की वेरुजुको परिमाण अधिक, निजीस्तरबाट भएका अनियमित जग्गा प्लटिङ्ग कार्यको रोकथाम, सार्वजनिक पर्ति जग्गामा अनधिकृत अतिक्रमण, हनुमन्ते र मनोहरा नदिमाथि भू माफियाको चलखेललाई कानूनी दायरामा ल्याउने जस्ता कठिनाई यस नगरको समुचित विकास ब्यवस्थापनका लागि थप चुनौतीहरु रहेका छन् ।

**अनुभव गरिएका प्रमुख समस्या र चुनौतिहरु**

१. फोहरमैला व्यवस्थापनका लागि ढुवानी साधन,ट्रान्सफर स्टेशन ल्याण्डफिलसाईटको अभाव ।
२. अव्यवस्थित तिव्र शहरीकरण ।
३. मनोहरा क्षेत्रमा सुकुम्वासी बस्ती व्यवस्थापन ।
४. पुराना बस्तीमा शहरी विकास अवधारणा अनुरुप कार्य गर्न कठिनाई ।
५. नगरपालिका भित्रका सुरक्षित क्षेत्रमा न.पा.को स्वीकृत बिना घर निर्माण कार्यमा तिव्रता र ती घरको व्यवस्थापनमा कठिनाई ।
६. पुराना बस्तीहरुमा भुकम्प पछिको पुनर निर्माण कार्य हुन नसक्नु ।
७. आर्थिक श्रोतमा कमी ।

© Madhyapurthimimunicipality

८. भु- उपयोग नक्शाको (Land use plan) को प्रभावकारी कार्यान्वयन हुन नसक्नु ।
९. ढल व्यवस्थापन ।
१०. कार्यालय भवनको अपर्याप्तता ।
११. अधुरा योजना र पुरानो पेश्की वेरुजुको परिमाण अधिक रहेको ।
१२. नीजि स्तरबाट भएका अनियमित जग्गा प्लटिङ्ग कार्यको रोकथाममा कठिनाई ।

## समाधानका लागि चाल्नु पर्ने कदमहरु

१. फोहरमैला व्यवस्थापनका लागि अन्य नगरपालिकाहरुसंग समन्वय, नीजि क्षेत्र परिचालन, सार्वजनिक नीजि साझेदारी कार्यक्रम सञ्चालन र पुर्वाधार तथा जनशक्ती व्यवस्था ।
२. भु-उपयोग नीति अवलम्वन गरि कार्यान्वयन गर्नु पर्ने ।
३. नगरको सडक तथा ढल सञ्जाल गुरुयोजनाको तयारी कार्य ।
४. व्यवस्थित जग्गा विकास आयोजनाहरुको सञ्चालन ।
५. भवन आचार सँहितालाई कडाईका साथ कार्यान्वयन गर्नु पर्ने ।
६. स्वबासी क्षेत्रको घर जग्गा नाप नक्सा गरि जग्गा धनी पुर्जा वितरण कार्य गर्नु पर्ने ।
७. कार्यालय भवनको लागि आवश्यक जग्गा पहिचान गरि भवन निर्माण गर्नु पर्ने ।
८. अधुरा योजना तथा पुराने पेश्की फछ्र्यौटका लागि कार्यदल बनाई कार्य गर्नु पर्ने ।
९. राजश्व संकलन तथा परिचालन कार्यमा तिव्रता दिनु पर्ने ।
१०. नीजि क्षेत्रवाट गरिने जग्गा प्लटिङ्गलाई कानूनी दायरामा ल्याउन पर्ने ।

## संक्षिप्त परिचय :

भक्तपुर जिल्ला, ३ नं. प्रदेश अन्तर्गत पर्ने मध्यपुर थिमि नगरपालिकाको गठन वि.स. २०५३ साल चैत्र १४ गते तत्कालिन बोडे, नगदेश, चपाचो, बालकुमाारी र दिव्यश्वरी गाउँ विकास समितिहरुलाई एक आपसमा गाभी बनाइएको हो । तत्कालीन अवस्थामा स्थानीय निकायको रुपमा रहेको यस मध्यपुर थिमि नगरपालिकामा १७ वटा वडा भएकोमा नयाँ संविधानको प्रावधान बमोजिम स्थानीय तहको रुपमा गठन हुँदा ९ वटा वडा कायम भएको छ । यस नगरको पूर्वमा भक्तपुर र चाँगुनारायण नगरपालिका पश्चिममा काठमाडौ महानगरपालिकाको सिनामंगल, उत्तरमा कागेश्वरी मनोहरा नगरपालिका र दक्षिणमा सुर्यबिनायक नगरपालिका र महालक्ष्मी नगरपालिका पर्दछन् । विश्व मान चित्रमा यो नगरपालिका २७°४०' देखि २७°४२' उत्तरी अक्षांशसम्म र ८१°२२'३०" पूर्व देखि ८५°२५'०" देशान्तरसम्म फैलिएर रहेको छ ।

वि.सं. २०६८ सालको जनगणना अनुसार यस नगरपालिका क्षेत्रमा महिला ४०,३१३ र पुरुष ४२,७२३ गरी कुल जनसंख्या ८३,०३६ रहेकोमा हाल १००,००० भन्दा माथि जनसंख्या पुगेको अनुमान छ । ११.४७ वर्ग किलोमिटर क्षेत्रफल रहेको यो नगर समुन्द्री सतहवाट १३२६ मिटरको उचाईमा अवस्थित छ । यस नगरपालिकाले जिल्लाको कूल भूभागको (११९ वर्ग कि.मि.) ९.६ प्रतिशत भूभाग ओगटेको छ । यो शहर ऐतिहासिक, कला, संस्कृति र शिल्पकारिताका कारण विश्वप्रसिद्ध छ । समशितोष्ण हावापानी भएको यस नगरपालिकामा औसत तापक्रम न्यूनतम १ डिग्री सेल्सीयस देखि ३५ डिग्री सेल्सीयससम्म पुग्ने गर्दछ । नगरपालिका क्षेत्रमा औसत वर्षा १२३.१ मिलिमिटर सम्म हुने गर्दछ ।

© Madhyapur thimi municipality

मध्यपुर थिमि नगरपालिकामा वग्ने मूख्य नदीहरुमा मनोहरा र हनुमन्ते छन् । यी नदीहरुको वहाव वर्षा याममा मात्र बढी हुने र अरु समयमा पानीको मात्रा ज्यादै कम हुने गर्दछ । मनोहरा नदी मणिचुडबाट निस्केर शालीनदी हुँदै काठमाडौ र भक्तपुर जिल्लाको सीमाना हुँदै बग्ने गर्दछ । जुन मध्यपुर थिमि नगरपालिकाको उत्तर पश्चिम सीमाना भएर वग्दछ । यो नदीमा हनुमन्ते खोला मिसिएपछि बाग्मती नदीमा मिसिन्छ । यसले काठमाडौ, भक्तपुर र मध्यपुर थिमि नगरपालिका क्षेत्रमा सिंचाई सुविधा पुऱ्याउनुका साथै जल प्रवाह गर्दछ । हनुमन्ते नदी महादेव पोखरी डाँडावाट वगेर नगरकोट डाँडा र वागेश्वरी डाँडाको वीच भागवाट पश्चिम तर्फ बग्दै भक्तपुरको दक्षिणी भाग हुदै मध्यपुर थिमि नगरपालिकाको दक्षिणी सीमाना भै बग्ने गर्दछ ।

नगरपालिकामा रहेका मुख्य धार्मिक तथा ऐतिहासिक स्थलहरुमा निलबाराही, महालक्ष्मी मन्दिर, कुमारीको मन्दिर, सिद्धिगणेश मन्दिर, विश्वविनायक मन्दिर, सिद्धिकाली मन्दिर, दिगु भैरव मन्दिर, राज गणेश मन्दिर, स्वेतभैरव मन्दिर, गुरु गणेश, लोकेश्वर मन्दिर, थासोमा गणेश मन्दिर, बालकुमारी मन्दिर, ताहानारायण मन्दिर, बिष्णुवीर मन्दिर, वामुने गणेश मन्दिर, प्रथम गणेश, नगदेश बुद्ध विहार, पाटी बिहार, धर्मचक्र गुम्वा, शिवा गणेश मन्दिर, विश्वेश्वर महादेव, सिलेश्वर महादेव, शोणे कामदेव मन्दिर, निलवर्ण गणेश मन्दिर, महालक्ष्मी मन्दिर, भवानी शंकर मन्दिर, दिव्येश्वरी मन्दिर, नित्यनाथ मन्दिर, आकाश भैरव मन्दिर, वसुन्धरादेवीको मन्दिर, नारायण मन्दिर, लछुछु गणेश मन्दिर, अजिमाद्यो मन्दिर, इन्द्रायणी वम्हायानी मन्दिर, गोरखनाथ मन्दिर, हरिसिद्धि मन्दिर, तलेजु भवानी मन्दिर, कुशल भैरव मन्दिर, नवदुर्गा भवानी मन्दिर, नाट्यश्वरी मन्दिर, विन्दवासीनी (वडा नं. २) मन्दिर, कुकीइनाय गणेश मन्दिर, सूर्यविनायक मन्दिर, भक्ति मन्दिर श्यामाश्याम धाम राधेराधे मन्दिर, शंखधर साख्वाचोक आदि रहेका छन् ।

शैक्षिक गन्तव्य स्थलको रुपमा विकसित हुंदै आईरहेको यस नगरपालिकाको साक्षरता प्रतिशत ९८% रहेको छ । नेवारहरुको वाहुल्यता रहेका यस नगरमा भने क्षेत्री, बाहुन, राई, मगर, दमाई, सार्की लगायत अन्य जातजातीको पनि यहाँ वसोवास छ । पेशागत रुपले मध्यपुर थिमिलाई श्रृजना र शिल्पीहरुको शहर भन्दा अत्युक्ति हुँदैन । यहाँका अधिकांश जनता कृषि पेशामा संलग्न छन्, यसकारण मौसम अनुसारका हरियो तरकारी र धानबालीका लहलहाउँदा बालाहरुले यहाँको सौन्दर्यमा रौनक त थपिरहेकै हुन्छ, ठाउठाउमा सुकाउन राखिएका विभिन्न आकार प्रकारका माटाका भाँडाकुँडाहरुले पनि आगन्तुकहरुलाई छुट्टै आनन्द दिइरहेको हुन्छ । आफ्नो श्रम र श्रृजनाका लागि प्रसिद्ध यो क्षेत्रले काठमाण्डौ उपत्यकालाई चाहिने हरियो तरकारीको एउटा उल्लेख्य भागको मात्र आपूर्ति गर्दैन, माटाका विभिन्न घरेलु उपयोग र सजावटका सामानहरुको समेत नियमित आपूर्ति गर्दै आएको छ । हरित तरकारीको बगैचाको रुपमा परिचित यस नगरपालिकामा हरियो साग सब्जीका अतिरिक्त प्रमुख बालिहरुमा धान, मकै, गहुँ, आलु पर्दछन् ।

यस नगरमा मनाईने जात्राहरुमा विस्केट जात्रा, जिव्रो छेडने जात्रा, गाईजात्रा, ईन्द्रजात्रा, खड्ग जात्रा, दिपंकर जात्रा र पुलुकिसि जात्रा प्रमुख जात्रा हुन् भने महाकाली नाच, भैरब नाच, निलबाराही गण नाच, ईन्द्र अप्सरा नाच, हनुमान नाच, अष्टमात्रिका नाच, मयुर नाच, आदि प्रमुख नाचहरु हुन । यस नगरपालिका खुला दिशामुक्त, पूर्ण खोप र पुर्ण साक्षर नगरपालिका घोषणा भइसेकेको छ ।

© Madhyapur thimi municipality

# मध्यपुर थिमि नगरपालिका, नगर कार्यपालिकाको संगठन संरचना




© Madhyapur thimi municipality

## २. नगरपालिकामा सेवा प्रवाहको अवस्था :

मध्यपुर थिमि नगरपालिकाले नगर क्षेत्रमा क्रियाशिल विषयगत कार्यालयहरुसंग नियमित समन्वय र सहकार्य गरि कार्यक्रमहरु सञ्चालन गर्दै आईरहेको छ । खानेपानी,सरसफाई,स्वास्थ्य,शिक्षा, कृषि,विद्युत,टेलिफोन,सडक,महिला तथा बालबालिका लगाएतका क्षेत्रमा कार्यहरु भई रहेको भएता पनि नगरपालिका बार्षिक समिक्षा र सार्वजनिक सुनुवाई कार्यक्रममा नगरबासीहरुले विषयगत कार्यालयहरुले उपलव्ध गर्ने सेवा सुविधा, न.पा.वाट गरिएको समन्वयमा देखिएको कमि कमजोरीका बारेमा थुप्रै जिज्ञाशा तथा प्रतिकृयाहरु आएका थिए । विषयगत कार्यालयहरुको आफ्नो छुटै बजेट,नीति तथा कार्यक्रमहरु हुने र सो नीति तथा कार्यक्रमहरुलाई न.पा.को स्वीकृत नीति,योजना,बजेट तथा कार्यक्रममा एकीकृत गरि सञ्चालन गर्न नसक्दा नगरबासीको गुनासो बढेको देखिन्छ । नगरपालिकाले गत आ.व. को स्वीकृत नीति योजना, कार्यक्रम तथा बजेटमा भूकम्पवाट पिडितहरुको लागि लक्षित गरि घरजग्गा कर तथा मालपोत मिन्हा, घर नक्शा निर्माण शुल्कमा ७५ प्रतिशत छुट, ढल सेवा शूल्कमा ५० प्रतिशत छुट दिने व्यवस्था लाई निरन्तरता दिएको थियो ।

**नगरपालिकाले गरेका उल्लेख्य तथा अनुकरणीय काम :**

- ठुला करदाता लाई करको दायरा ल्याएको ।
- सामाजिक सुरक्षा भता प्राप्त गर्ने लाभ ग्राहीहरुको आठ वटा बैक मार्फत ब्यक्तिगत खाता खोली भत्ता बितरण ।
- भुकम्प बाट क्षति भएका घरधनी संग अनुदान सम्झौता गरी बैंक मार्फत पहिलो र दोश्रो किस्ता बितरण ।
- स्ववासी क्षेत्रमा भुकम्प अनुदान सम्झौता कार्य ।
- भुकम्प पिडितहरुको १००० वटा गुनासो सुनुवाई ।
- जेटिङ्ग मेशिनको व्यवस्था ।
- राष्ट्रिय तथा अन्तर राष्ट्रिय भगिनी सम्वन्धको थालनी ।
- अनलाईन सेवा ।
- राजस्व प्रणाली पूर्णरुपमा अनलाइन कम्प्यूटकृत भएको ।
- पुर्ण खोप नगरपालिका घोषणा ।
- सार्बजनिक जग्गाको संरक्षण
- आर्थिक अनुशासन र वित्तीय जवाफदेहीताको प्रभावकारीतामा बृद्धि भएको ।

साथै सम्पुर्ण भुकम्प पिडितहरुलाई परिचय पत्र समेत वितरण गरिएको थियो । स्वीकृत कार्यक्रमका अलावा भुकम्प पिडितहरुलाई नेपाल सरकारले उपलब्ध गरिएको तत्काल राहत रकम र न्यानो कपडा बापतको रकम १६९९ जनालाई वितरण गर्नुका साथै विभिन्न संघ संस्थाहरुसंग समन्वय गरि अस्थायी टहरा निर्माण, शौचालय निर्माण, खानेपानीको सुद्धिकरण कार्य, सरसफाई आदी सम्वन्धि कार्यक्रमहरु पनि सञ्चालन गरिएको थियो । सोलार बत्ति जडान कार्य,सार्वजनिक जग्गा संरक्षण,पार्क निर्माण, विद्युतिय नागरिक वडा पत्रको जडान, पुर्ण खोप नगरपालिका घोषणा जस्ता कार्य यस न.पाले गत आ.ब.०७३/०७४ मा सम्पन्न गरेका उपलव्धीमुलक तथा उल्लेखनिय कार्यहरु हुन ।

यस नगरपालिका क्षेत्र भित्र भुकम्पवाट क्षति भएका घरहरुको विवरण,परिचय पत्र वितरण तथा राहत रकम वितरणको विवरण तपसिल बमोजिमका छन् ।

© Madhyapur thimi municipality

**मध्यपुर थिमि नगरपालिका**

मध्यपुर थिमि,भक्तपुर

**भौतिक क्षति विवरण**

| | पुर्ण क्षति | आँशिक क्षति | सामान्य क्षति | जम्मा क्षति क्षति | रातो कार्ड पाउने | पहेलो कार्ड पाउने | रु१५०००लिने | रु१००००लिने | थप निवेदन दिनेहरुको संख्या | | जम्मा संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | पहिलो र दोश्रो सुचना | तेश्रो सुचना | प.प.पाउने र निवेदन |
| १ | ७९ | १०० | ६६ | २४५ | ६८ | २५ | ५३ | ४९ | १ | १० | १०४ |
| २ | ५७ | १०१ | ४४ | २०२ | ५८ | १९ | ४४ | ४४ | १ | ४ | ८२ |
| ३ | ३१२ | ११२ | ५४ | ४७८ | २८६ | २१ | २५८ | २५६ | २३ | ६ | ३३६ |
| ४ | ७५ | ८१ | २२ | १७८ | ६८ | ३७ | ६२ | ६१ | ० | २ | १०७ |
| ५ | ९० | ७४ | ८६ | २५० | ८६ | ३८ | ८२ | ८२ | ० | ५ | १२९ |
| ६ | १०४ | ५९ | २२ | १८५ | १०५ | ३१ | १०४ | १०३ | ० | ८ | १४४ |
| ७ | ९१ | ११७ | ३४ | २४२ | ८५ | ५५ | ६६ | ६९ | १ | ५ | १४६ |
| ८ | १६० | २४१ | २१८ | ६१९ | १४२ | १११ | १३१ | १२९ | ० | २३ | २७६ |
| ९ | १८६ | १२४ | २९ | ३३९ | १५२ | ५८ | १४९ | १४७ | १ | १२ | २२३ |
| १० | १२९ | २११ | ११८ | ४५८ | ११६ | १४९ | १०६ | १०९ | १ | १० | २७६ |
| ११ | ११९ | १५९ | ६७ | ३४५ | १११ | १०४ | १०५ | १०४ | ० | २ | २१७ |
| १२ | ११७ | १४९ | ९४ | ३६० | ११७ | ७५ | १०५ | १०७ | १ | १२ | २०५ |
| १३ | २०० | १३५ | १३५ | ४७० | १५९ | ८६ | १५२ | १४८ | ० | ८ | २५३ |
| १४ | १८४ | ६३ | ३५ | २८२ | १६२ | ४२ | १४८ | १४६ | ० | ७ | २११ |
| १५ | ६१ | १५७ | ३४० | ५५८ | ५३ | ४५ | ४६ | ४६ | – | ५ | १०३ |
| १६ | ९९ | ९६ | ९४ | २८९ | ८० | १९ | ४९ | ४९ | – | ० | ९९ |
| १७ | ६० | ६२ | ८८ | २१० | ४६ | २६ | ३९ | ४२ | १ | ६ | ७९ |
| जम्मा | २१२३ | २०४१ | १५४६ | ५७१० | १८९४ | ९४१ | १६९९ | १६९१ | ३० | १२५ | २९९० |

© Madhyapur thimi municipality

**३. स्थानीय निकायमा सेवा प्रवाहको अवस्था :**

गत आ.व.०७३/०७४ का लागि कुल अनुमानित बजेट रु ३९,८१,७९,०००।-को स्वीकृती भएकोमा यथार्थमा रु ४४,४२,३९,२७९.९.५१ आय संकलन भएको र संकलित आयवाट स्वीकृत नीति,योजना तथा कार्यक्रम अनुसार २६८ वटा योजना सञ्चालन भएको थियो । गत आ.ब. ०७३/०७४ मा कुल यथार्थ खर्च चालु तर्फ १०,१६,९४,०५३.५३ र पुँजिगत तर्फ १४,७०,७६,७७१.६८ गरि जम्मा रु २४,८७,७०,८२५.२१ खर्च भएको थियो । यस नगरपालिकामा साबिक १७ वडा, हाल ९ वटा वडामा ९ जना वडा सचिवको व्यवस्था गरि वडाबासीको माग बमोजिमको सेवा प्रवाह भै रहेको छ ।

मध्यपुर थिमि नगरपालिकाको २५ औं नगरपरिषद्बाट स्वीकृत आर्थिक वर्ष २०७३/७४ को कूल वार्षिक बजेटलाई मध्यपुर थिमि नगरपालिकाको २६ औं नगर परिषद्बाट संशोधन सहित रु ३९ करोड ८१ लाख ७९ हजार वरावरको बजेट स्वीकृत भएकोमा उक्त बजेटको परिधि भित्र रही योजना तथा कार्यक्रमहरु सञ्चालन गरिएको छ ।

आर्थिक वर्ष २०७३/७४ मा सञ्चालित योजनाहरुमा जगेडा कोष, सडक वोर्ड नेपाल, राजस्व वाँडफाँड, नगरपालिका अनुदान र आन्तरिक श्रोत तर्फका थिए । जसमध्ये सडक बोर्ड नेपालबाट स्वीकृत १७ मध्ये १५, जगेडाकोषबाट ६ मध्ये २, राजस्व वाँडफाँडबाट १३ मध्ये १०, नगरपालिका अनुदानबाट ११९ मध्ये ९०, क्रमागत १३ र नगरपालिका वोर्ड बैठकबाट स्वीकृत योजनाहरु मध्ये २८ गरी कूल १५६ बटा योजनाहरु २०७४ साल असार २८ गतेसम्म सम्पन्न भएका छन् । त्यस्तै स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को प्रावधान बमोजिम कूल पूँजीगत बजेटको १० प्रतिशत महिला, १० प्रतिशत वालवालिका र १५ प्रतिशत प्रर्वद्धनात्मक कार्यक्रम तर्फ बिनियोजित बजेटका अधिकाशं कार्यक्रमहरु सम्पन्न भएका छन् । नगरपालिका भवन तर्फ विनियोजित बजेट मध्ये वडा नं. ४, वडा नं. ६, वडा नं. ७ र वडा नं. ८ का वडा कार्यालयका भवनहरु निर्माण र मर्मतको कार्य सम्पन गरी वडा कार्यालय सञ्चालनमा ल्याइएको छ । त्यस्तै सार्वजनिक प्रति जग्गाको संरक्षण, ढल निकास, सडक मर्मत, पोखरी मर्मत सम्भार र पुनः निर्माण, सरसफाई, जनचेतनामूलक कार्यक्रम, स्वास्थ्य चौकी र सरकारी स्कूल भवनको मर्मत, नगरक्षेत्रमा स्थानीय प्रहरीसँग सहकार्य गर्दै सिसिटिभि क्यामेराको व्यवस्था र सामााजिक उत्तरदायित्व अन्तरगत नगरपालिकाले खरिद गरेको दमकल जुद्ध वारुणयन्त्र, भक्तपुरसँग सञ्चालन हस्तान्तरण सम्झौता बमोजिम हस्तान्तरण गरी सञ्चालनको व्यवस्था मिलाइएको छ ।

आर्थिक वर्ष २०७३/७४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत योजना तथा कार्यक्रम सञ्चालन गर्न आम उपभोक्ता मार्फत कार्य गर्न उच्च प्राथमिकता प्रदान गरियो । योजना तथा कार्यक्रम सञ्चालन गर्दा आम उपभोक्ताको स्वामित्व वोध र दिगोपनाका लागि न्यूनतम् २० प्रतिशत नगद लागत सहभागिताको अभ्यास गरियो । नगद लागत सहभागिता हुन नसक्ने सार्वजनिक प्रकृतिको कार्यका लागि श्रम सहभागिताको अभ्यासलाई समेत कार्यान्वयन गरियो । उपभोक्ताबाट कार्य हुन

© Madhyapurthimi municipality

नसक्ने तथा आम उपभोक्ताबाट सम्पन्न हुन नसकेका कार्य क्षेत्रमा ठेक्का र कोटेशन मार्फत कार्य गरियो । सम्पन्न सबै योजना तथा कार्यक्रममा अनुगमन गर्ने, सार्वजनिक परीक्षण र सञ्चालित कार्यको फोटो समावेश गरी भुक्तानी गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखियो । नगरपालिकाबाट सम्पन्न कार्यको सम्वन्धमा प्रत्येक चौमासिकमा सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई र वहिर्गमन सर्वेक्षण गरी प्राप्त सुझाव तथा पृष्ठपोषणका आधारमा सुधार कार्यलाई उच्च प्राथमिकतामा राखी कार्य गरियो ।

यस नगरपालिकामा योजना तथा कार्यक्रम छनौट तथा कार्यान्वयन गर्दा समावेशी एवँ सहभागितामुलक तरिकाले उपभोक्ता समिति मार्फत गर्ने प्राथमिकता निर्धारण गरिएको थियो र उपभोक्ता समिति मार्फत नहुने र मेशिनरी औजार तथा साधनहरु बढी प्रयोग गर्नु पर्ने प्रकृतिको योजना मात्र ठेक्का सम्झौता मार्फत सम्पन्न गर्ने गरेको छ । साथै कार्यक्रम तर्फ लक्षित समुहलाई केन्द्रित गरि विभिन्न संघ संस्थाहरुसंग समन्वय र साझेदारीमा कार्यक्रमहरु सञ्चालन तथा सम्पन्न गर्ने गरिएको छ । सञ्चालित योजना तथा कार्यक्रममा नियमित अनुगमन र सार्वजनिक परिक्षण कार्यलाई अनिवार्यता गरिएको छ । योजना तथा कार्यक्रममा बढी भन्दा बढी नगरबासीको सहभागिता र पारदर्शिताका लागि सामाजिक परिचालन अन्तर्गत गठित वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र,टोल विकास संस्था,महिला समुह तथा अन्य स्थानीय समुहहरुलाई परिचालन गरिएको छ ।

गत आ.ब.मा नगरपालिकाको स्वीकृत कर्मचारी दरवन्दी ११८ जना भएता पनि न.पा.मा ५३ जना स्थायी र १० जना सेवा करार गरि ६३ जना कर्मचारीहरु कार्यरत छन् । यस्तै गरि नगरको नियमित सरसफाई तथा वातावरण सुधारका लागि स्वीकृत अस्थायी दरवन्दीमा २० जना कुचीकारहरु कार्यरत छन् ।

© Madhyapur thimi municipality

**४. सुशासन स्थापनाका लागि भएका सकारात्मक प्रयासहरु :**

नगरपालिकावाट उपलब्ध हुने सेवा सुविधा र सञ्चालन गरिने कार्यक्रम तथा योजनाहरुमा सुशासन अभिवृद्धिका लागि मध्यपुर थिमि नगरपालिकाले समावेशी एवँ सहभागितामुलक योजना तर्जुमा प्रकृया अवलवम्वन गरि प्रत्येक वडामा सार्वजनिक सुचना टाँस एवँ प्रचार प्रसार गरि वडा भेलाको आयोजना गरेर वडाबासीको माग बमोजिमको योजना तथा कार्यक्रमहरु संकलन गरि सम्वन्धित वडा नागरिक मञ्चमा छलफल पश्चात प्राथमिकिरण गरि आएका योजना तथा कार्यक्रमहरुलाई एकीकृत योजना तर्जुमा समिति,राजनैतिक दलहरुको वैठक र न.पा. बोर्ड बैठकमा छलफल गरि स्थानीय माग बमोजिम योजना तथा कार्यक्रमहरु नगर परिषदवाट स्वीकृत गरि स्थानीय समुदायकै सहभागिता,समन्वय र सहकार्यमा कार्यान्वयन गर्ने गर्छ । योजना तथा कार्यक्रम कार्यान्वयन हुंदा स्थानीय समुदाय,वडा नागरिक मञ्चको सहभागितामा नियमित अनुगमन,सार्वजनिक परिक्षण जस्ता कार्यहरु निरन्तर सञ्चालन गरिन्छ । नगरपालिकाको आम्दानी तथा खर्चहरु र योजना तथा कार्यक्रमहरुको स्थानीय पत्र पत्रिका तथा सूचना पाटीमा प्रकाशन गर्ने, नगरपालिकाले भक्तपुर एफ एम.मा सञ्चालन गरि रहेको मध्यपुर थिमि हाम्रो सम्पति नामक कार्यक्रममा प्रशारण गर्ने तथा

सार्वजनिक सुनुवाई कार्यक्रम मार्फत सार्वजनिक गर्ने गरिएको छ । सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत लाभग्राहीहरुका लागि सामाजिक सुरक्षा भत्ता नियमित रुपमा वार्षिक ३ पटक गरेर राष्ट्रिय बाणिज्य बैक थिमि शाखावाट वितरण गर्ने व्यवस्था न.पा.ले मिलाएको छ । यसमा कोही नछुटुन र कोही दोहोरिउन भन्ने नीति कडाइका साथ अबलम्बन गरिएको छ । सामाजिक परिचालन कार्यक्रम कार्यान्वयनका लागि नियुक्त भएको स्थानीय सेवा प्रदायबाट नियमित प्रतिवेदन प्राप्त भै रहेको र ती संस्थाको कामको पनि नियमित अनुगमन गर्ने गरिएको छ । नगरपालिकावाट उपलब्ध गर्ने सेवा सुविधाहरुमा पारदर्शिता कायम गरि सेवा सुविधामा आम नगरबासीको सहज पहुँच अभिवृद्धि गरि सुशासन कायम गराउन न.पा.ले विद्युतिय नागरिक बडा पत्र राखिएको र वेव साईटको समेत सञ्चालन तथा अद्यावधिक कार्य गरि रहेको छ । नगरपालिकावाट सञ्चालन एवँ सम्पन्न गरेका योजना तथा कार्यक्रमहरुको माथिल्लो निकाय जिल्ला प्रशासन कार्यालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट समय समयमा अनुगमन समेत भएको थियो । नगरपालिकाले विभिन्न संघ संस्थाहरुसंग समन्वय गरि स्थानिय सेवा प्रदायक संस्थाका संयोजक, सामाजिक परिचालकहरु, वडा नागरिक मञ्चका संयोजकहरु, नागरिक सचेतना केन्द्रका सदस्यहरु,उपभोक्ता समितिको पदाधिकारीहरुलाई लक्षित गरि सार्वजनिक परिक्षण सम्बन्धि क्षमता अभिबृद्धि तालिम, नागरिक अधिकार युक्त सेवा सम्बन्धि तालिम, सूचनाको हक सम्वन्धि तालिम, योजना कार्यान्वयन सम्वन्धि तालिम लगाएतका तालिमहरु समेत सञ्चालन गरिएको थियो ।

## परिच्छेद दुई

## नगरपालिकाको कार्य सम्पादनको अवस्था

### १.नगरपालिकाको कार्यसञ्चालन तथा सम्पादनको अवस्था :

नगरपालिकाबाट प्रवाह गरिने सेवा सुविधाका सम्वन्धमा विभिन्न माथिल्लो निकाय र आम नगरबासीले प्रत्यक्ष रुपमा अनुगमन गरि रहने भएको हुंदा ऐन नियमले निर्दिष्ट गरेका मापदण्ड पालनामा कुनै कमी कमजोरी नहुने गरि कर्मचारीहरुबाट सेवा प्रवाह गरि रहेको छ । न्यूनतम शर्त तथा कार्य सम्पादन मापनको व्यवस्थाले पनि स्थानीय निकायहरुले आफ्नो काम कारवाही ऐन कानूनले निर्दिष्ट गरेको परिधिभित्र रहेर मात्र गर्न बाध्य भएको भन्न सकिन्छ । सामाजिक परिचालन कार्यक्रम मार्फत गठन भएको वडा नागरिक मञ्चहरुको क्रियाशीलताले स्थानीय निकायको योजना तर्जुमा कार्य प्रक्रियागत ढंगले अघि बढेको छ । योजना तर्जुमाका सबै चरणहरु विधिवत रुपमा पूरा गर्दै वार्षिक योजना तथा कार्यक्रम तर्जुमा हुने गरेको छ । यसैगरी स्थानिय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ मा व्यवस्था भए बमोजिम नगर स्तरीय सुपरिवेक्षण तथा अनुगमन समिति गठन भई अनुगमनमा क्रियाशील रहेको अवस्था छ । सुपरीवेक्षण तथा अनुगमन समितिले आवश्यकता अनुसार बैठक राखि स्थानीय स्तरमा गरिने अनुगमन कार्यलाइ नियमित गरेको छ ।

### २.योजना निर्माण प्रक्रियामा जनसहभागिता : भौतिक विवरण

नगरपालिकाले समावेशी तथा सहभागीतामुलक योजना तर्जुमा प्रकृया अन्तर्गत व्यापक जन सहभागिता हुने गरि स्थानीय निकायको योजना तर्जुमा विधि अनूरुप नै विभिन्न चरणमा गरि नीति

© Madhyapur thimi municipality

योजना,बजेट तथा कार्यक्रम हरेक बर्षको पुष मसान्त भित्र नगर परिषद मार्फत स्वीकृत गर्ने गरिएको छ । वडा भेलावाट आएका योजना तथा कार्यक्रमहरुलाई वडा नागरिक मञ्चले प्राथमिकीकरण गरि पठाएका योजना तथा कार्यक्रमहरुलाई नै नगर परिषद हाल नगर सभाले स्वीकृत गर्ने गरेको छ । यस नगरपालिकामा विगत ६ वर्षदेखि नै स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गतको सामाजिक परिचालन कार्यक्रम लागू भई प्रत्येक वडामा वडा नागरिक मञ्च गठन भै सक्रिय रहेकाले योजना तर्जुमा प्रक्रियामा वडा नागरिक मञ्च र सामाजिक परिचालकहरुको अहम भूमिका रहँदै आएको छ । गत आ.ब.को मंसिरमा भएको वडा भेलावाट माग भएका योजना तथा कार्यक्रमहरु मध्ये वडा नागरिक मञ्चले सिफारिस एवँ प्राथमिकीकरण गरि पठाएका योजनाहरुलाई परिषदले स्वीकृत गरिएका योजनाहरु र सम्पन्न भएका योजनाहरु तपसिल बमोजिमको रहेको छ ।

| **बिबरण** | **सख्या** |
|---|---|
| कुल योजना संख्या | २६८ |
| हाल सम्म संझौता योजना संख्या | १७३ |
| सम्पन्न योजना संख्या | १५१ |
| फरफारक भएको | ६४ |
| उपभोक्ताबाट संचालन योजना | ९७ |
| ठेक्काबाट संचालन भएका योजान संख्या | ६२ |

**घर नक्शापास**

<u>आ.व.०७३/०७४ मा सम्पादन गरिएको नक्शाको विवरण</u>

| वडा नं. | नयाँ दर्ता | डि.पि.सी सम्म स्वीकृती | डि.पि.सी माथी स्वीकृती | नियमित स्वीकृती | तल्ला थप स्वीकृती | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४२ | ३९ | ४९ | | २ | | | | |
| २ | ४७ | ३६ | ४७ | - | १ | | | | |
| ३ | २०८ | १७१ | २०४ | - | १९ | | | | |
| ४ | १४ | ७ | १० | - | - | | | | |
| ५ | ५८ | ४७ | ५९ | - | ४ | | | | |
| ६ | ३६ | ३८ | ४८ | - | १ | | | | |

© Madhyapur thimi municipality

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | ३१ | २४ | १७ | – | – | | | | |
| ८ | २५ | २१ | २७ | – | १ | | | | |
| ९ | ३६ | ४२ | ४७ | – | ३ | | | | |
| १० | २५ | १८ | २४ | १ | ३ | | | | |
| ११ | ८ | ६ | ११ | – | १ | | | | |
| १२ | ४० | २८ | ३९ | – | १ | | | | |
| १३ | २२ | २१ | २१ | – | – | | | | |
| १४ | २८ | २२ | २६ | – | १ | | | | |
| १५ | १२० | १०८ | १३२ | १ | ९ | | | | |
| १६ | १०२ | ८२ | ११७ | १ | ९ | | | | |
| १७ | ९२ | ७९ | ९२ | – | ६ | | | | |
| जम्मा | **९३४** | **७८९** | **९७०** | **३** | **६१** | | | | |

© Madhyapur thimi municipality

आ.व.०७३/०७४ मा सम्पादन गरिएको नक्शाको विवरण नामसारी, नविकरण,निर्माण सम्पन्न

| वडा नं. | नामसारी दर्ता | स्वीकृत | नविकरण दर्ता | स्वीकृत | निर्माण सम्पन्न दर्ता | निर्माण सम्पन्न स्वीकृत | विविध दर्ता | बिबिध चलानी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ७ | ५ | १ | ० | १५ | ११ | | | |
| २ | ४ | ५ | १ | ० | १५ | १ | | | |
| ३ | २८ | २१ | ६ | ७ | ४३ | ३१ | | | |
| ४ | | १ | ० | ० | २ | २ | | | |
| ५ | ५ | ६ | ४ | ४ | १५ | १० | | | |
| ६ | ८ | ६ | २ | २ | १ | ७ | | | |
| ७ | ३ | ४ | ० | ० | ९ | ४ | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | ५ | ४ | १ | ० | ५ | २ | | | |
| ९ | ३ | ४ | ३ | ५ | ५ | ४ | | | |
| १० | १ | १ | ० | ० | ४ | ५ | | | |
| ११ | ४ | १ | ० | ० | १ | १ | | | |
| १२ | ० | ० | १ | १ | ५ | ३ | | | |
| १३ | २ | १ | १ | १ | ३ | २ | | | |
| १४ | ३ | २ | १ | ० | ७ | ४ | | | |
| १५ | ४३ | ४५ | ७ | ५ | ५३ | २८ | | | |
| १६ | २२ | १७ | ४ | ५ | २४ | १६ | | | |
| १७ | २४ | १९ | ३ | ३ | २० | १८ | | | |
| **जम्मा** | **१६२** | **१४२** | **३५** | **३३** | **२२७** | **१४९** | **२०४८** | **१२३५** | |

## आर्थिक अबस्था

| आ.व. २०७३/७४ को आय तथा व्यय विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| गत **बर्ष** अनुमानित **आय रकम रु** | गत **बर्ष वास्तविक आय रकम रु** | **आय शीर्षक** | **यस बर्ष** अनुमानित **आय रकम रु** | **यस बर्ष वास्तविक आय रकम रु** | **गत बर्ष वास्तविक** खर्च **रकम रु** | **व्यय शीर्षक** | **जेट** | **खर्च रु** |
| १,७००,०००.०० | १,५३३,३२५.२५ | १.१.१-मालपोत तथा भूमि कर | १,७००,०००.०० | १,५७२,१९६.८९ | ५८११८८१२.२२ | क .चालु खर्च | **१३७,८३५,०००.००** | **१०१,६९४,०५३.५३** |
| १२,०००,०००.०० | १०,५५५,३९८.२९ | १.१.२-घर जग्गा कर | १२,०००,०००.०० | ५९,८८३,३११.४७ | | १.उपभोग खर्च | २७,२७५,०००.०० | २५,८८२,८७८.१० |
| १,१००,०००.०० | १,३७५,७६९.५९ | १.१.३-बहाल कर | १,१००,०००.०० | २,६५६,८०८.१६ | | २.कार्यालय संचालन रसेवा खर्च | ५,५००,०००.०० | ४,४८०,५७५.७५ |
| ५०,०००.०० | .०० | १.१.४-बिटौरी कर | ५०,०००.०० | .०० | | | | .०० |
| २,०००,०००.०० | १,३९३,५९६.०० | १.१.५-व्यवसाय कर | २,०००,०००.०० | १,९४८,८९५.०० | | ३.अनुदान | ७५,४५०,०००.०० | ६१,२२४,४६६.०० |
| ५०,०००.०० | २३,१००.०० | १.१.६.१-सवारी दर्ता तथा वार्षिक सवारी कर | ५०,०००.०० | ७३,६९६.४१ | | ४.सेवा खर्च | २६,०१०,०००.०० | ८,१९३,४६९.५३ |
| ३००,०००.०० | ८२,१४७.०० | १.१.९-विज्ञापन कर | ३००,०००.०० | ३५२,९५७.०० | | १२.फिर्ता खर्च | ३,६००,०००.०० | १,९१२,६६४.१५ |
| ३००,०००.०० | २०१,५००.०० | १.२.४-सार्वजनिक सुविधा उपयोग सेवा शुल्क (एम्बुलेन्स) | ३००,०००.०० | १८७,२००.०० | | ९.०१ भैपरी अउने खर्च | .०० | .०० |
| १५०,०००.० | ६९,९००.०० | १.२.५- | १५०,००० | ८१,९५०.०० | १६५४३५२२६.४ | ख .पुजिगत खर्च | **२६०,३४४,** | **१४७,०७६,७७** |

© Madhyapurthimi municipality

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ० | | सार्वजनिक संरचना मर्मत सम्भार शुल्क | .०० | | १ | | **०००.००** | **१.६८** |
| १,२००,०००.०० | १,२०८,४९५.०० | १.२.६-अचल सम्पत्ति मूल्याङ्कन सेवा शुल्क | १,२००,०००.०० | १,५७३,४००.०० | | ५.०१ जग्गा खरिद | .०० | .०० |
| १५,१६०,०००.०० | १५,१५९,०००.०० | १.२.७-स्थानीय विकास शुल्क(३६५८१७३) | .०० | .०० | | ६.०१ फर्निचर | १,०००,०००.०० | ५७२,३६५.०१ |
| ४,२००,०००.०० | ७,३४१,५३४.८७ | १.२.८-अन्य सेवा शुल्क | ७,५००,०००.०० | ११,१२३,५००.५७ | | ६.०२ सवारी साधन | २०,०००,०००.०० | ११,४००,१००.०१ |
| २००,०००.०० | ६८,६६७.०० | १.३.१-दर्ता तथा नवीकरण दस्तुर | २००,०००.०० | १२३,२७८.३० | | ६.०३ मेशीनरि औजार तथा अन्य उपकरण | १,५७५,०००.०० | १,५०३,२००.०१ |
| २०,०००,०००.०० | २०,६९६,२२६.४३ | १.३.२-नक्सा पास दस्तुर | २१,०००,०००.०० | ३१,९३३,२३४.४४ | | ६.०४ भवन निर्माण | ३३,७०२,०००.०० | ३,९३१,४८१.८५ |
| ९,५००,०००.०० | ८,०३५,८५२.८२ | १.३.३-सिफारिश तथा बक्सौनी दस्तुर | ९,५००,०००.०० | ९,७३३,३७७.१२ | | ६.०५ सार्वजनिक निर्माण खर्च | १८९,४१७,०००.०० | १२२,२१६,३६९.५२ |
| ३००,०००.०० | ३८७,७८५.१३ | १.३.४-नाता प्रमाणित दस्तुर | ३००,०००.०० | ४०१,८२३.९४ | | ६.०७ अध्ययन तथा पुँजिगत प्रा. | ३,०००,०००.०० | २,९३१,३०४.२८ |
| २००,०००.०० | ३५८,४७०.०० | १.३.५-अन्य दस्तुर | २००,०००.०० | ४८८,३७९.२१ | | ७.लगानी | ४,५००,०००.०० | .०० |
| ७००,०००.०० | १,३३५,६१०.०० | १.४.३-अन्य विक्री | १,०००,०००.०० | १,९४४,३७०.०० | | ८.पुँजिगत अनुदान | ७,१५०,०००.०० | ४,५२१,९५१.०० |
| २५,०००.०० | .०० | १.४.४-लिलाम विक्री | २५,९००.०० | .०० | | | | |
| ३,०००,०००.०० | २,७८६,५९४.६६ | १.५.२-अन्य स्रोत परिचालन | ३,०००,०००.०० | २,४३४,५६५.१२ | | | | |
| .०० | .०० | १.६.१- सावा फिर्ता | १,५००,०००.०० | .०० | | | | |
| १,०००,०००.०० | ८८२,२९५.०० | १.७१-दण्ड जरिवाना | १,०००,०००.०० | १,०१४,५९२.६० | | | | |
| २५०,०००.०० | १३२,३४७.५० | १.७.२-भाडा तथा बहालबाट आय | २५०,०००.०० | २३८,४४३.०० | **१११,५२५,१०८.१४** | **मौज्दात** | | **१९५,४६८,४५४.३०** |
| २,७५०,०००.०० | ५४.०० | १.७.३-धरौटी जफत | २,७५०,०००.०० | ३२.५० | | नेपाल बैंक लिमिटेड-मर्मत सम्भार कोष खाता | | ७,३२७,८१३.६४ |
| ५००,०००.०० | .०० | १.७.५-पेश्की फिर्ता | ५००,०००.०० | ४७०,६२३.८८ | | नेपाल बैंक लिमिटेड-ग-५-९ | | २,१०३,७३५.६० |
| १४४,२००.०० | ८३,५२३.७० | १.७.६-अन्य विविध आय | १४५,०००.०० | २६५,७२४.२८ | | नेपाल बैंक लिमिटेड-संञ्चित कोष खाता (ग४-१ ) | | १८४,८३६,९०५.०६ |
| .०० | .०० | २.१.१.१-नेपाल | ८,४०८,०००.०० | ८,४०८,०००.०० | | नेपाल बैंक लिमिटेड- | | १,०००,०००.०० |

© Madhyapur thimi municipality

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सरकारबाट अनुदान (शशर्त अनुदान) | | | | वा.सं.कोष-१९-११-४९१३१ | | |
| ८,४१८,०००.०० | ८,४१८,०००.०० | २.१.१.२-ने.स.वाट नि.अ.चालु (३६५८०३३) | ८,४१८,०००.०० | ८,४१८,०००.०० | | नेपाल बैंक लिमिटेड-दै.प्रकोप व्या.कोष-१९-११-४९१४९ | | २००,०००.०० |
| १९,३२२,०००.०० | २९,६८०,५९४.०० | २.१.१.५-ने.स.वाट नि.अ.पुँजिगत (३६५८०३३) | ६३,०७८,०००.०० | ६३,०७८,०००.०० | | | | |
| ५,२२७,०००.०० | ५,५८८,७०४.६७ | २.१.१.६-स्था.शा.सा.विकास कार्यक्रम(३६५८१९३) | ५,७००,०००.०० | ४,०७१,८५०.०० | | | | |
| .०० | .०० | २.१.१.७-नगद अनुदान | .०० | .०० | | | | |
| १,२००,०००.०० | .०० | ३.१.१-स्रोत उपयोग करबाट बाँडफाँड(जि.वि.स. | १,०००,०००.०० | .०० | | | | |
| ९,९००,०००.०० | १३,१९८,७५०.८९ | ३.१.३.-मालपोत वाट राजश्व बाँडफाँट वापतको आय | १०,०००,०००.०० | ११,५९४,९५०.०० | | | | |
| २२,०००,०००.०० | १९,१४६,०००.०० | ५.१.१-नगर पुर्वाधार विकास कार्यक्रम | १४,३६९,०००.०० | १४,३७०,०००.०० | | | | |
| .०० | .०० | ५.१.२-संघीय संरचना पु.वि. कार्यक्रम (६०२११०३) | .०० | १०,०००,०००.०० | | | | |
| ७,२००,०००.०० | .०० | ५.१.३-सडक बोर्ड नेपाल अनुदान | ७,९६०,०००.०० | ५,७१७,२२९.०० | | | | |
| .०० | .०० | ५.१.४-जि.वि.स. (सशर्त अनुदान) | .०० | .०० | | | | |
| ३१,०००,०००.०० | २८,१०१,६३०.०० | ५.१.५-सामाजिक सुरक्षा भत्ता अनुदान | ७५,०००,०००.०० | ६१,२२४,४६६.०० | | | | |
| २,०००,०००.०० | २४,६६३,५००.०० | ५.१.६-अन्य अनुदान | २,०००,०००.०० | ६५३,५००.०० | | | | |
| .०० | १८,०४५,०००.०० | ६.१-अन्य निकासा | २,०००,०००.०० | ९००,०९०.०० | | | | |
| .०० | .०० | ७.१.२-अन्य ऋण (स्वदेशी) | .०० | .०० | | | | |

© Madhyapur thimi municipality

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १८,४७३,०००.०० | १७,४९५,२६३.२८ | ८.१.२-लागत सहभागिता | १९,०००,०००.०० | १४,१५८,८७३.१५ | | | | |
| २,०००,०००.०० | १,६९७,४३८.५३ | ८.१.३-मर्मत सुधार कोष | २,०००,०००.०० | १,२५२,८५२.८२ | | | | |
| ९४,१३०,८००.०० | ९४,१३०,८७३.१६ | ८.२-मौज्दात | १११,५२५,१००.०० | १११,५२५,१०८.६५ | | | | |
| .०० | ७९८,६००.०० | ८.४ वातावरण कोष | .०० | १८२,०००.०० | | | | |
| .०० | ४०३,६००.०० | ८.५ दैवीक प्रकोप व्यावस्थापन कोष | .०० | १८२,०००.०० | | | | |
| .०० | | | .०० | | | | | |
| २९७,६५०,०००.०० | ३३५,०७९,१४६.७७ | जम्मा | ३९८,१७९,०००.०० | ४४४,२३९,२७९.५१ | ३३५,०७९,१४६.७७ | जम्मा | ३९८,१७९,०००.०० | ४४४,२३९,२७९.५१ |

**३.वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रको सक्रियता :**

नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गतको सामाजिक परिचालन कार्यक्रम सञ्चालनका लागि छनौट भएका स्थानीय सेवा प्रदायक संस्थाहरु मार्फत नगर क्षेत्रका सबै वडाहरुमा वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रको गठन तथा परिचालन कार्य भई रहेको छ । नगर क्षेत्रका साविक १७ वटा वडाहरुलाई दुई वटा सेवा प्रदायक संस्थाहरुलाई क्रमशः वडा नं. १ देखि ९ सम्म युवा क्रियाकलाप समाज र वडा नं. १० देखि १७ सम्म रुपान्तर नेपाललाई सामाजिक परिचालनको कार्यक्रम सञ्चालन गर्न जिम्मा दिइएको थियो । हाल यस नगरपालिका क्षेत्रमा १७ वटा वडा नागरिक मञ्च र १७ वटा नागरिक सचेतना केन्द्र गठन भएको छ । नगरपालिकाको नीति,योजना,बजेट तथा कार्यक्रमहरुको तर्जुमा गर्न समावेशी एवँ सहभागितामुलक योजना तर्जुमा कार्य अन्तर्गत हुने वडा भेलाहरुमा वडा नागरिक मञ्चले योजना तर्जुमा प्रक्रियामा सक्रिय सहभागिता गर्दै आईरहेको छ । वडा भेलावाट छनौट भएका योजना तथा कार्यक्रमलाई प्राथमिकिकरण गरि न.पा.वाट उपलव्ध गरिएको बजेट सिलिङ्ग भित्र रहि योजना छनौट गरि न.पा.मा पठाउने कार्यमा समेत वडा नागरिक मञ्चको सक्रिय सहभागिता रहेको छ भने स्वीकृत योजना कार्यान्वयनका लागि उपभोक्ता समिति गठन, योजना तथा कार्यक्रमहरुको नियमित अनुगमन र सामाजिक परिक्षण, सार्वजनिक परिक्षण,सार्वजनिक सुनुवाई लगाएतका कार्यमा समेत प्रत्यक्ष रुपमा सहभागी हुँदै आएका छन । यस देखि बाहेक सचेतना केन्द्रका सदस्यहरु तथा विपन्न र वेरोजगार व्यक्तिहरुको जिविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत सीपमूलक तालिम लिई आत्मनिर्भर बन्ने तर्फ उन्मुख रहेको देखिन्छ । सचेतना केन्द्रको परिपक्कता मापनमा १७ मध्ये ३ वटा सचेतना केन्द्रहरु परिपक्क भएको देखियो । वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रको सक्रियताले स्थानीय निकायबाट सेवा मैत्री तवरवाट कार्यहरु भएका प्रसस्त पाइए । जस्तै लक्षित वर्गको बजेट विनियोजन गर्दा सम्बन्धित वर्गसँगको छलफलबाट मात्र हुने गरेको अभ्यास पाइन्छ । यसै गरी योजना कार्यान्वयनमा पनि कुनै कमि कमजोरी देखिएमा वडा नागरिक मञ्च र सचेतना केन्द्रबाट खबरदारी गराउने जस्ता क्रियाकलापहरु पनि भएको देखिन्छ ।

© Madhyapur thimi municipality

## ५. उपभोक्ता समितिको अवस्था :

नगरपालिकाको स्वीकृत नीति,योजना तथा कार्यक्रम सञ्चालन तथा कार्यान्वयनका लागि स्थानीय स्वायत शासन ऐन २०५५ र नियमावली २०५६ तथा स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ मध्यपुर थिमि नगरपालिकाको उपभोक्ता संचालन सम्बन्धी निर्देशिकम अनुसार नै हुने गरि नगरपालिकाले योजना,आयोजना तथा कार्यक्रमहरुको बारेमा आम नगरबासीलाई बजेट पुस्तिका वितरण,स्थानीय पत्र पत्रिकामा सूचना प्रकाशन तथा सम्वन्धित वडाबासीमा पूर्व सूचना जारी गरि सम्बन्धित योजना तथा आयोजनाका लाभग्राहीहरुमध्येबाट सम्वन्धित वडाको वडा सचिव वा सामाजिक परिचालकको उपस्थितिमा नगरपालिकाले उपभोक्ता समिति गठन गर्ने गरिन्छ। उपभोक्ता समितिको गठन गर्दा कार्यविधिले तोके बमोजिम कम्तिमा ३३ प्रतिशत महिला अनिवार्य गरिएको छ । यस पश्चात उपभोक्ता समितिका पदाधिकारीहरुलाई आयोजना संचालन सम्बन्धी अभिमूखीकरण दिने गरेको जसले गर्दा उनीहरुलाई नीति नियम पालन सम्बन्धी जानकारी हुने गरेको। स्वीकृती योजनाहरुको कार्यान्वयनका लागि पहिलो प्राथमिकता उपभोक्ता समिति मार्फत नै गर्ने गराउने गरिएको र उपभोक्ता समिति मार्फत सञ्चालन तथा सम्पन्न गर्न नसकिने प्रकृतिका योजनाहरुको मात्र ठेक्का मार्फत गर्ने गरिएको छ । आयोजनाको लागत इष्टिमेट पनि सम्भव भए सम्म नेपाली भाषामा उपलब्ध गर्ने गरिएको छ। हरेक योजना तथा आयोजनामा उपभोक्ताहरुको उपस्थितिमा सार्वजनिक परीक्षण अनिवार्य गरिएको छ। सार्वजनिक परीक्षणको प्रतिवेदन विना अन्तिम किस्ता भुक्तानी नहुने व्यवस्था न.पा.ले लागू गरेको ।

## ६. लक्षित वर्गको वजेट विनियोजन तथा खर्चको अवस्था :

मध्यपुर थिमि नगरपालिकाले स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधिले तोके बमोजिम लक्षित वर्गका लागि बजेट विनियोजन गर्दै आएको छ। स्थानीय समुदायको माग बमोजिम लक्षित वर्गमा विशेष गरी बढी रकम पूर्वाधार विकासमै खर्च भएको देखिन्छ। यसदेखि बाहेक दलित, आदिवासी, जनजाति, महिला तथा बालबालिकाहरुको क्षमता विकास तथा आय आर्जन कार्यमा खर्च हुने गरेको छ । न.पा.को आ.व. ०७३।७४ को लक्षित वर्गको बजेट निम्न बमोजिम छन् :

© Madhyapur thimi municipality

# मध्यपुर थिमि नगरपालिका

## लक्षित वर्ग

| | | संख्या | | | भत्ता विवरण संख्या | | | | वितरण गरेको रकम | | लगत कट्टा | | | लगत थप | | | कूल रकम | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | म | पू | जम्मा | म | पू | जम्मा | उपचार खर्च | सा.सू | उपचार | म | पू | जम्मा | म | पू | जम्मा | म | पू | जम्मा | |
| १ | जेष्ठ नागरिक | १०५६ | १०६७ | २१२३ | ७६९ | ८०१ | १५७० | १५७० | १८८२९४३३ | १८८२९४३३ | १६ | १६ | ३२ | ७५ | १०६ | १८१ | १११६ | ११५७ | २२७३ | |
| २ | जेष्ठ नागरिक दलित | २ | ३ | ५ | २ | २ | ४ | ३ | ८४००० | ७२००० | ० | ० | ० | ० | १ | १ | २ | ४ | ६ | |
| ३ | एकल महिला | ११५७ | ० | ११५७ | ७९१ | ० | ७९१ | ३८९ | ९६३३००० | ४४२८००० | १२ | ० | १२ | ८ | ० | ८ | ११५३ | ० | ११५३ | |
| ४ | विधूवा | ६४९ | ० | ६४९ | ६०१ | ० | ६०१ | २ | ७२४०००० | २४००० | ० | ० | ० | १०४ | ० | १०४ | ७५३ | ० | ७५३ | |
| ५ | पुर्ण अशक्त | ४८ | ४० | ८८ | ३७ | ३६ | ७३ | ० | १७४६२०० | ० | ० | १ | १ | ३ | ३ | ६ | ५१ | ४२ | ९३ | |
| ६ | अति अशक्त अपाङ्ग | ३० | ४३ | ७३ | १८ | २९ | ४७ | ० | ३३३६०० | ० | १ | १ | २ | १ | १ | २ | ३० | ४३ | ७३ | |
| ७ | लोपोन्मूख आदिवासी जनजाति | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | |
| ८ | बाल बालिका | १ | २ | ३ | ० | १ | १ | ० | ४८०० | ० | ० | ० | ० | ० | १ | १ | १ | ३ | ४ | |
| | जम्मा संख्या | २९४३ | ११५५ | ४०९८ | २२१८ | ८६९ | ३०८७ | १९६४ | ३७८७१०३३ | २३३५३४३३ | २९ | १८ | ४७ | १९१ | ११२ | ३०३ | ३१०६ | १२४९ | ४३५५ | |

© Madhyapur thimi municipality

### ७. नगरपालिका भित्र विभिन्न समिति, उपसमितिहरुको क्रियाशीलताको अवस्था :

नगरपालिकामा गठित समितिहरु एकीकृत योजना तर्जुमा समिति, योजना फरफारक तथा अनुगमन समिति , नगर स्तरीय सामाजिक परिचालन समन्वय समिति, बालमैत्री स्थानीय शासन समिति, शहरी स्वास्थ्य केन्द्र सञ्चालन तथा व्यवस्थापन समिति, नगरस्तरीय खानेपानी,सरसफाई तथा स्वच्छता समन्वय समिति, बोलपत्र मुल्याँकन समिति,राजश्व परामर्श समिति,पदपूर्ति समिति लगाएत अन्य समितिहरुको वैठक नियमित रुपमा वस्ने गरेको छ र वैठकको निर्णयवाट नै कार्यक्रमहरु स्थानीय स्तरमा विनियोजन गर्ने गरेको छ । तथापी आजको वदलिदो परिवेश र कार्यक्रमलाई हरेक पक्षवाट सफल र दीगो वनाउनका लागि स्थानीय स्तरमा गठित समितिहरुको क्षमतामा अभिवृद्धि हुने किसिमका कार्यक्रमहरु संचालन गर्नुपर्ने देखिन्छ । योजना तर्जुमा देखि कार्यक्रम कार्यान्वयनको चरण सम्म र विभिन्न समय समयमा गरिने अनुगमनका चरणहरुमा समेत समितिका पदाधिकारीहरुको संलग्नता रहेको छ । तथापी महिला, वालवालिका, दलित अपाङ्गको कार्यक्रम हरेक चरणमा अर्थपूर्ण सहभागिताको अनिवार्यताको सुनिश्चितता चाहि हुनु पर्ने देखिन्छ ।

## परिच्छेद तीन

## न्युनतम शर्त तथा कार्यसम्पादनको मापनमा स्थानीय निकायः

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत स्थानीय निकायहरुमा प्रत्येक बर्ष मापन गरिँदै आएको न्यूनतम शर्त तथा कार्य सम्पादन मापनमा न.पा.ले न्यूनतम शर्त तथा कार्य सम्पादन मापनले तोकेका मापदण्डहरु आ.ब.२०६५/०६६ र ०६९/०७० को दुई आर्थिक बर्षमा पूरा गर्न नसकेको र बाँकी सवै आ.ब.मा यस न.पा.सम्पुर्ण सुचकहरु पुरा गर्दै आईरहेको छ । आ.ब.२०६६।०६७ को तुलनामा पछिल्ला केहि बर्षको नतिजा कमाजोर हुँदै गएता पनि न.पा.को न्यूनतम शर्त तथा कार्यसम्पादन मापनको नतिजा हेर्दा क्रमशः सुधार हुँदै गएको देख्न सकिन्छ । न्यूनतम शर्त तथा कार्य सम्पादन मापनको सुधारोन्मुख नतिजा हुनुमा कर्मचारीहरुको लगनशीलता, राजनैतिक दलहरुको सहयोग तथा विषयगत कार्यालयहरुको समन्वय हो भन्न सकिन्छ । न.पा.को विगत देखिको न्यू.श.तथा का.स.मापनको नतिजा यस प्रकार रहेको छ :

| आ.व. | प्राप्त अंक | स्थान |
|---|---|---|
| २०६५/०६६ | ५० | ५० |
| २०६६।६७ | ७२ | १२ |
| २०६७।६८ | ६५ | ३४ |
| २०६८।६९ | ६६ | ४१ |
| २०६९।७० | ५० | ५५ |

© Madhyapur thimi municipality

| | | |
|---|---|---|
| २०७०/७१ | ६९ | २७ |
| २०७१/७२ | ७५ | २० |
| २०७२/७३ | ७० | ३३ (सि) |

## ३.१ नगरपालिकाको कार्यसम्पादनको अवस्था :

नगरपालिकाहरुले उपलव्ध गर्ने सेवा सुविधा र सञ्चालन एवँ सम्पन्न गरेका योजना तथा कार्यक्रमहरुलाई लक्षित गरि मापन गरिने कार्यसम्पादनको अवस्था हेर्दा समग्र रुपमा मध्यपुर थिमि नगरपालिकाको कार्यसम्पादनको स्तर उपलव्ध श्रोत साधन परिचालन गरि सम्पन्न कार्यको आधारमा सन्तोषजनक देखिन्छ । नगरपालिकाले उपलव्ध गर्ने सेवा सुविधाहरुका सम्वन्धमा पारदर्शि बनाउन र आम नगरबासीको सहज पहुँच अभिवृद्धिका लागि न.पा.ले नागरिक वडापत्र नगरपालिका र वडा कार्यालयमा राखिएको छ र विद्युतिय नागरिक बडा पत्र मार्फत नगरपालिकाले उपलव्ध गर्ने सेवा सुविधाहरुको बारेमा आम नगरबासीहरुमा सुसुचित गराउन .पा.कार्यालय प्राङ्गणमा राखेको छ । नगरबासीको गुनासो सुन्नका लागि गुनासो सुन्ने अधिकारीको व्यवस्था नगरपालिकामा छ । न.पा.ले समयमा नै सार्वनिक सुनुवाई गर्ने र सामाजिक परिक्षण गर्ने गरेको छ । न.पा.ले समयमा नै सामाजिक सुरक्षा भत्ता पठाउने, त्यसको सूचना जारी गरि लाभग्राहीको भत्ता राष्ट्रिय बाणिज्य बैक मार्फत वितरण गर्ने गरेको छ । नगरपालिकाले आफ्ना मातहतका गतिविधीहरुलाई पत्रपत्रिका तथा सूचना मार्फत सार्वजनिक गर्ने, सूचना प्रवाहलाई चुस्त वनाउने काम भएका छन् । नगरपालिका र सो अनर्तगतका आर्थिक कारोबार अनलाईन मार्फत हुने गरेको छ ।

नगरपालिकाले वडा स्तर वडा भेलाको आयोजना गरि वडा नागरिक मञ्च, नासके, आमा समूह, उपभोक्ता समूहहरु, नागरिक समाज, सामुदायिक संस्था, बिधालय, बालक्लव आदि र वडावासीहरुको सहभीतामा योजनाहरु छनौट गरि स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २१ र वियामावली २०५६ को दफा ६६ (७) अनुसार ना.स.के र व.ना.म. को सिफारिस सहित एकिकृत योजना तर्जुमा समिति (IPFC)ले नपा मा पेश गरे पछी मात्र नगरपरिषदबाट योजनाहरु स्वीकृत गर्ने गरी कार्य गरेको ।

बजेट व्यवस्थापन र कार्यान्वयन अन्तर्गत स्थानीय स्वायत्त शासन ऐन २०५५, नियमावली २०५६ नगरपालिकाको अनुदान संचालन कार्यविधि २०६७ अनुसार बजेट छुट्याई सोहि वर्गहरुलाई प्रत्यक्ष फाईदा पुग्ने खालका योजनाहरु वडा स्तरबाट छनौट भएको देखिन्छ । उपभोक्ता समितिवाट संचालन गरिएका योजनाको लागी अनुगमन समिति गठन गर्ने तथा उक्त समितिले अनुगमनको निर्णय र सूचना दिने व्यवस्था भए बमोजिम न.पा.मा छुट्टै अनुगमन समिति गठन गरिएको छ ।

© Madhyapur thimi municipality

# परिच्छेद चार

# स्थानीय शासनमा पारदर्शिता र जवाफदेहिता :

## १. नगरपालिका भित्रका उत्तरदायित्व, अनुगमन सम्बन्धमा कार्य गरी रहेका गैसस एवं नागरिक समाजका संस्थाहरु , क्रियाकलापहरु र कार्यक्षेत्र :

मध्यपुर थिमि नगरपालिका क्षेत्र भित्र सुशासन अभिवृद्धि गर्न उतरदायित्व,अनुगमन सम्वन्धमा तपसिलका संस्थाहरुले न.पा.संग समन्वय गरि कार्यक्रम तथा क्रियाकलापहरु गर्दै आईरहेका छन् ।

| क. स | संस्थाको नाम | सर्म्पक व्यक्ति | सर्म्पक नः | कार्यक्षेत्र | कार्यक्रम |
|---|---|---|---|---|---|
| १ | ग्रामिण पूर्वाधार तथा वातावरण विकास केन्द्र-नेपाल | नवराज अधिकारी | ९८५११६८९५२ | भक्तपुर जिल्लाभर | LGAF |
| २ | युवा क्रियाकलाप समाज | हरिकृष्ण श्रेष्ठ | ९८४१८८४३८२ | वडा नं. १ देखि ९ सम्म | सामाजिक परिचालन, खानेपानी तथा सरसफाई,जैविक उर्जा |
| ३ | रुपान्तर नेपाल | कविता श्रेष्ठ | ९८५११७७०६१ | वडा नं १० देखि १७ सम्म | सामाजिक परिचालन, विपद व्यवस्थापन |
| ४. | जिआईजेड | प्रविन तिवारी | ९८४१२५८७३६ | न.पा.क्षेत्र भित्र | शहरी स्वास्थ्य सुढृढीकरण |
| ५. | सिविन | कल्पना खनाल | ९८१३२५५९१० | न.पा.क्षेत्र भित्र | बालअधिकार संरक्षण , खानेपानी, सरसफाइ तथा स्वच्छता |
| ६. | बालविकास समाज | साधना ढकाल | ९८४१४४४२५४ | न.पा.क्षेत्र भित्र | बालअधिकार संरक्षण |
| ७ | नेपाल रेडक्रस सोसाइटी | | | न.पा. क्षेत्र भित्र | प्रकोप व्यवस्थापन तथा स्वास्थ्य सुधार |

## २. नागरिकप्रतिको जवाफदेहिता वृद्धि गर्ने संयन्त्र Tools को कार्यान्वयनको अवस्था :

### २.१ सार्वजनिक निकायहरुले सञ्चालन गरेका संयन्त्रहरु Tools को कार्यान्वयनको अवस्था

- **सार्वजनिक सुनुवाई :**

मध्यपुर थिमि नगरपालिकाले कार्यविधी अनुसार ३ पटक नै सार्वजननिक सुनुवाई गरेको छ । प्रत्येक चौमासिकमा नगरबासीलाई सार्वजनिक सुचना जारी गरि सार्वजनिक सुनुवाई गर्ने गरिएको छ । यस नगरपालिकामा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गर्नका निम्ति ग्रामिण पूर्वाधार तथा वातावरण विकास केन्द्र-नेपालले समेत नागरिक अभिमत पत्र (CRC) तथा वहिर्गमन पत्र (Exit Poll) को सर्वेक्षण तथा तथ्याङ्क विश्लेषण गरि प्रतिवेदन तयार गरी नगरपालिकामा बुझाईएको थियो ।

© Madhyapur thimi municipality

- **सार्वजनिक परिक्षण:**

नगरपालिकाले नगरक्षेत्र सञ्चालन एवँ सम्पन्न भएका सवै योजनाहरुको सार्वजनिक परिक्षण गरिएको छ । योजनाहरुको सार्वजनिक परिक्षण प्रतिवेदन प्राप्त भए पछि मात्र अन्तिम किस्ता निकाशा दिने व्यवस्था नगरपालिकाले गरेको छ । केहि आयोजनाको सार्वजनिक सहजिकरणमा ग्रामिण पूर्वाधार तथा वातावरण विकास केन्द्र-नेपालले समेत अनुगमन तथा सार्वजनिक परिक्षणको लागि सहजीकरण गरेको थियो ।

- **सामाजिक परिक्षण :**

न.पा.ले एक आर्थिक बर्षमा सञ्चनल एवँ सम्पन्न गरेका योजना तथा कार्यक्रमहरुको सम्वन्धित सवै सरोकारवालाहरुलाई सहभागी गराई सामाजिक परिक्षण गरेको छ ।

- **नागरिक वडापत्र :**

मध्यपुर थिमि नगरपालिकाले विद्युतिय नागरिक वडापत्र स्पष्ट देख्ने ठाउमा राखिएको छ र वडापत्रको अवस्था राम्रो छ साथै वडापत्र अनुसार नै सेवाग्राहीहरुलाइ सेवा प्रदान गरेको छ ।

- **अन्य जवाफदेहिता वृद्धि गर्ने संयन्त्रको कार्यान्वयनको अवस्था :**

मध्यपुर थिमि नगरपालिकामा प्रत्येक चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गर्नका निम्ति ग्रामिण पूर्वाधार तथा वातावरण विकास केन्द्र,नेपालको सहयोगमा नागरिक अभिमत पत्र ( Citizen Report Card) सर्वेक्षण तथा तथ्याँक विश्लेषण गरि प्रतिवेदन तयार गरिएको थियो । यसै गरि नगरपालिकावाट सेवा प्राप्त गरेका व्यक्तिहरुसंग वहिर्गमन सर्वेक्षण (Exit Pooll Survey) समेत गरिएको थियो ।

## २.२ नागरिक समाजका संघसंस्थाहरुले सञ्चालन गरेका अन्य Tools संयन्त्रहरुको अवस्था

नगरपालिकामा प्रत्येक चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गर्नका निम्ति नागरिकहरुको सन्तुष्टि तथा असन्तुष्टि जनाउने नागरिक प्रतिवेदनमा रहेको विविध ६ वटा शिर्षकको प्रश्नहरुलाई नगरपालिकाका सवै वडा कार्यालयका स्थानहरुमा पुगि नागरिक समाजका संस्था ग्रामिण पूर्वाधार तथा वातावरण विकास केन्द्र-नेपाल लगाएतका संस्थाले नागरिक प्रतिवेदन पत्र (CRC) तथा वहिर्गमन अभिमत पत्र (Exit Poll) को सर्वेक्षण तथा तथ्याङ्क विश्लेषण गरि प्रतिवेदन नगरपालिकामा बुझाएको थियो । उक्त प्रतिवेदको सारांश निम्नानुसार छन् ।

- नागरिक प्रतिवेदन पत्र : प्रत्येक पटकको सार्वजनिक सुनुवाईमा नागरिक प्रतिवेदन पत्र तयार गर्ने गरिएको छ । नगरका प्रत्येक वडामा नमूना छनौट गरी सेवाग्राहीबाट लिइने गरिएको छ । जसको विश्लेषण सार्वजनिक सुनुवाई कार्यक्रममा प्रस्तुत गर्ने गरिएको छ ।
- बहिर्गमन अभिमत : प्रत्येक पटकको सार्वजनिक सुनुवाईमा कार्यालयको परिसरमै बसेर लिइएको बर्हिगमन अभिमत प्रतिवेदन तयार गरी प्रस्तुत गर्ने गरिएको छ ।

गत आ.व.को सार्वजनिक सुनुवाई कार्यक्रममा प्रस्तुत गरिएको नागरिक प्रतिवेदन पत्र र बहिर्गमन अभिमतको सारांस निम्न बमोजिम रहेको थियो :

© Madhyapur thimi municipality

**सार्वजनिक सुनुवाई कार्यविधि २०६७** को अनुसुचि २ को प्रश्नावली भाग १ मा रहेको नागरिकहरुको सन्तुष्टि तथा असन्तुष्टि जनाउने **नागरिक प्रतिवेदन (Citizen Report Card)** मा रहेको विविध ५ वटा शिर्षकका प्रश्नहरुलाई मध्यपुर थिमी नगरपालिकाको ९ वटा वडामा  पुगि (१) सेवाको सन्तुष्टि, (२) सेवाको नियमितता, (३) सेवाप्रतिको जनविश्वास, (४) सेवा सम्वन्धी जानकारी र (५) नागरिक वडापत्र/उजुरी पेटिका/गुनासो सुन्ने अधिकारी सम्वन्धमा राखिएका कुल १७ वटा प्रश्नहरु तथा प्रश्नावली भाग २ मा रहेको नागरिक प्रतिवेदन पत्र शिर्षकमा रहेका (१) सिफारिस सम्वन्धी, (२) पुर्वाधार तथा सरसफाई सम्वन्धी, (३) कार्यालयका विविध पक्षहरुका वारेमा नागरिकको अनुभव र (४) पारदर्शीता सम्वन्धी विषयहरुलाइ आधार मानि कुल २० वटा प्रश्नहरुलाई आधार मानि जम्मा १०० जना (२६ जना महिला र ७४ जना पुरुष) नगरवासि संग नमुना सर्भेक्षण गरेका छौ जस मध्ये ३ जना दलित, ७७ जना जनजाति र २० जना अन्य जातका छन् । यसैगरि, नगरपालिकाबाट सेवा प्राप्त गरेका ५० जना (२१ जना महिला र २९ जना पुरुष)  व्यक्तित्वहरुसंग **वर्हिगमन सर्भेक्षण (Exit Poll Survey)** गरेका छौ । जस मध्ये २४ जना जनजाति, ० जना दलित र २६ जना अन्य जातका छन् । सर्भेक्षणको नतिजा निम्नानुसार रहेको छ ।

**अनुसुचि २ः**

प्रश्नावली भाग १ः नागरिक प्रतिवेदन (Citizen Report Card)

**(सन्तुष्टि वा असन्तुष्टि जनाउने)**

---

यस भागमा समावेश गरिएका सुचकहरु मार्फत नगरपालिका तथा संयुक्त वडा कार्यालयहरु र नगरवासि विचको सम्वन्ध एवं सन्तुष्ट वा असन्तुष्ट कति छन् भनि अध्ययन गरिएको थियो । यसका लागि ५ वटा सुचकहरु समावेश गरिएका छन् ।

**सूचक १ः सेवाको सन्तुष्टिः सम्बन्धमा जम्मा २ वटा प्रश्न सोधिएको थियो ।**

१.१ तपाइँले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?

सन्तुष्ट ( ३३%)     ठीकै (  ५६% )  असन्तुष्ट ( ११%)

१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट ( ४१%  )     ठीकै (     ५५%   )  असन्तुष्ट ( ४%   )

**समग्रमा सेवाको सन्तुष्टिः का वारेमा ३७ प्रतिशतले सन्तुष्ट, ५५.५ प्रतिशतले ठीकै र ७.५ प्रतिशतले असन्तुष्ट व्यक्त गरेका छन् ।**

**सूचक २ः सेवाको नियमिता सम्बन्धमा जम्मा ४ वटा प्रश्न सोधिएको थियो ।**

© Madhyapur thimi municipality

२.१  नागरिक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट (२५ %  )    ठीकै (५९% )  असन्तुष्ट (१६% )

२.२ कार्यालय नियमित रुपमा ( कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता ) सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ?

विश्वस्त (३५%)    ठीकै ( ४८%)  अविश्वस्त (१७%)

२.३ तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?

तिरेको छैन  (६९%  ) एकदमै कम (२२% )  धरै तिरेको ( ९ %  )

२.४ यस कार्यालयले समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेको छ ?

१ दिन (३९%  )  २ दिन ( ३६%   )  धरै दिन  (२५%)

**समग्रमा सेवाको नियमिताका वारेमा ४२ प्रतिशतले सकारात्मक धारणा व्यक्त गरेका छन् । ४१.२५ प्रतिशतले मध्यम अवस्थाको प्रतिक्रिया दिएका छन् भने १६.७५ प्रतिशतले पुर्ण असन्तुष्टि जनाएका छन् ।**

**सूचक ३ः सेवाप्रतिको जनविश्वास सम्बन्धमा जम्मा ४ वटा प्रश्न साधिएको थियो ।**

३.१ यस संस्थाले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?

विश्वस्त (४४%)    ठीकै ( ५५%)  अविश्वस्त (१ % )

३.२ यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ ?

धेरै (३५%      )    ठीकै ( ५६%      )  विश्वास छैन ( ९% )

३.३ यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पर्‍यो ?

१ पटक (३१%  )  २ पटक  ( ४०% ) सो भन्दा वढी ( २९%)

३.४ यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?

छ (२२%)   छैन  ( ५७%)  अलिअलि थाहा छ  (२१% )

**समग्रमा सेवाप्रतिको जनविश्वासका वारेमा ३३ प्रतिशत सहभागिहरुले आफु विश्वस्त रहेको वताए । ५२ प्रतिशतले ठिकै रहेको र अन्य १५ प्रतिशत उत्तरदाताहरुले आफुहरु विश्वस्त नरहेको वताए ।**

**सूचक ४: सेवा सम्वन्धी जानकारीको बिषयमा जम्मा ४ वटा प्रश्न साधिएको थियो ।**

© Madhyapur thimi municipality

४.१ कार्यालयको भौतिक अवस्था कस्तो छ ?

अति राम्रो (१२%) ठीकै (७०%) नराम्रो (१८%)

४.२ कार्यालयमा भएको नागरिक बडापत्र बारे तपाईलाइ जानकारी छ ?

छ (२०%) आंशिक जानकारी छ (५१%) कुनै जानकारी छैन (२९%)

४.३ कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?

अति राम्रो (१३%) ठीकै ( ७८%) खासै राम्रो छैन ( ९% )

४.४ सञ्चालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशतसम्म हुने गरेको छ ?

२० प्रतिशत जति (१९%) ५० प्रतिशत भन्दा माथि (६७%) थाहाछैन (१४%)

**समग्रमा सेवा सम्वन्धी जानकारीको वारेमा १६ प्रतिशतले अति राम्रो भनि प्रतिक्रिया जनाएका छन् । ६६.५ प्रतिशतले सन्तोषजनक प्रतिक्रिया दिएका छन् भने १७.५ प्रतिशतले असन्तुष्टि प्रदान गरेकाछन् ।**

**सूचक ५: नागरिक वडापत्र/उजुरी पेटिका/गुनासो सुन्ने अधिकारी सम्वन्धमा जम्मा ३ वटा प्रश्न सोधिएको थियो ।**

५.१ तपाईको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?

धेरै (१३%) कम (६६%) गरेको छैन (२१%)

५.२ तपाईको विचारमा सेवाप्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ?

धेरै (११%) ठीकै (६८%) अति कम (२१%)

५.३ तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ?

धेरै भएको छ (५% ) ठीकै भएको छ (४०%) भएकै छैन

**समग्रमा नागरिक वडापत्र/उजुरी पेटिका/गुनासो सुन्ने अधिकारी सम्वन्धका वारेमा ९.६७ प्रतिशतले मात्रै नागरिक वडापत्र/उजुरी पेटिकाका वारेमा धेरैनै प्रयोग गरेको वताएका छन् । ५८ प्रतिशतले कहिलेकाहि प्रयोग गरेको वताए र ३२.३३ प्रतिशतले प्रयोगनै नगरेको वताएका छन् ।**

**अनुसुचि २:**

**प्रश्नावली भाग २: नागरिक प्रतिवेदन पत्र (Citizen Report Card)**

© Madhyapur thimi municipality

नगरपालिका तथा संयुक्त वडाकार्यालयहरुवाट प्रदान गरिएका विभिन्न सेवा सुविधाका विषयमा यस चरणमा सर्भेक्षण गरिएको छ। यसमा ४ वटा सुचक समावेश गरिएको थियो । (१) सिफारिस सम्वन्धी, (२) पूर्वाधार तथा सरसफाई सम्वन्धी, (३) कार्यालयको विविध पक्षहरु र (४) पारदर्शिता सम्वन्धी विवरणलाई लिएर सर्भेक्षण गरिएको थियो ।

**सूचक १: सिफारिस सम्वन्धी बिषयमा जम्मा ४ वटा प्रश्न साधिएको थियो ।**

१.१ सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो ?

पाएँ (४८%) ठीकै पाएँ (३४%) स्पष्ट पाइँन ( १८% )

१.२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु पर्‍यो?

दिएँ (१५%) थोरै दिएँ (११%) मागिएन र दिइएन पनि (७८%)

१.३ त्यहाँबाट दिने सिफारिस लिंदा कसको सहयोग लिनुभयो ?

आफैं (८२%) मध्यस्थकर्ता वा कार्यालयकै मान्छे (१८%) नेता/ठूलाबडा (०%)

१.४ राजस्व, शुल्क तथा दस्तुर को-कससंग उठाउने गर्दछन् ?

सबैसँग कर उठाउँछन् (८०%) सीमित व्यक्ति सँग मात्र कर उठाउँछन् (१९%) धेरै वक्यौता रहने गरेको छ (१ % )

**समग्रमा सिफारिस सम्वन्धीका विषयमा ५६.२५ प्रतिशतले सन्तुष्टि जनाएका छन् । २०.५ प्रतिशतले मध्यम प्रतिक्रिया दिएका छन् र २३.२५ प्रतिशतले असन्तुष्टि जनाएका छन् भने ।**

**सूचक २: पुर्वाधार तथा सरसफाई सम्वन्धी जम्मा ८ वटा प्रश्न साधिएको थियो ।**

२.१ कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?

राम्रो ( ३१ % ) ठीकै (६०%) खराब (९%)

२.२ कार्यालयमा सरसफाई सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ?

तुरुन्तै हुन्छ (३३%) पटक पटक भनेपछि मात्रै हुन्छ (५१%) जति भनेपनि हुन्न (१६%)

२.३ तपाईको नगरपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?

राम्रो (१४%) ठीकै (७१%) खराब (१५%)

२.४ सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ?

प्रभावकारी छन् (१५%) ठीकै छन् (७०%) प्रभावकारी छैनन् ( १५%)

२.५ योजनाको बिल भुक्तानी दिने व्यवस्था कस्तो छ ?

© Madhyapurthimi municipality

सहज (२४% ) ठीकै (६२% )  अप्ठयारो  ( १०%) उत्तर नआएको (४%)

२.६ योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ  ?

पर्दैन (५६%) मागेरै लिन्छन् (१५%) रकम नदिए अप्ठ्यारो पार्छन् (२५%) उत्तर नआएको (४%)

२.७ योजना सञ्चालन गर्दा  प्राविधिक सहयोग कत्तिको पाउनु भयो ?

सजिलैपाइयो (३१%) कहिले काँही पाइयो (४०%) माग गर्दापनि पाइएन (१८%) उत्तर नआएको (११%)

२.८ स्थानीय निकायको आचारसंहिता पालना भएको छ ?

पालना भएको छ (२७%) ठीकै पालना भएको छ (४८%)कत्ति पनि पालना भएको छैन (१९%) उत्तर नआएको (६%)

**समग्रमा पुर्वाधार तथा सरसफाई सम्वन्धका विषयमा २८.८७ प्रतिशतलाई सन्तोष प्रदान गरेको देखिएको छ । ५२.१३ प्रतिशतले ठिकै महसुस गरेका छन् भने १५.८७ प्रतिशतले असन्तुष्टी जनाएका छन्  भने ३.१३ प्रतिशतले उत्तर दिन चाहेनन् ।**

**सूचक ३: कार्यलयका विविध पक्षहरुमा नागरिकको अनुभव कस्तो छ भन्ने सम्बन्धमा जम्मा ४ वटा प्रश्न साधिएको थियो।**

३.१ आर्थिक श्रोत कस्तो छ ?

आवश्यक श्रोत उपलब्ध (२७%) कम श्रोत उपलब्ध  (६०%) अति कम श्रोत उपलब्ध (८%) उत्तर नआएको (५%)

३.२ काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?

अति सरल (१२%) ठीकै (७३%) जटिल (११%) उत्तर नआएको (४%)

३.३ कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?

आवश्यक सीप छ (५०%) आवश्यकता भन्दा कम छ (३५%) सीप निकै कम छ (१२%) उत्तर नआएको (३%)

३.४ न.पाको आम्दानी र खर्च बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो ?

टाँसेको देखेको छु (२४%) कहिले काँही टाँसेको देखिन्छ (२०%) खै कतै देखिएन (५०%) उत्तर नआएको (६%)

**समग्रमा कार्यलयका विविध पक्षहरुमा नागरिकको अनुभव कस्तो छ भनि सोधिएको यो सूचकमा २८.२५ प्रतिशतले सन्तुष्ट रहेको उत्तर दिएका छन् । ४७ प्रतिशतले ठिकै/सन्तोषजनक भनेका छन् भने २०.२५ प्रतिशतले कार्यालयका विभिन्न पक्षहरुका वारेमा असन्तुष्टि व्यक्त गरेका छन्  भने ४.५ प्रतिशतले उत्तर दिन चाहेनन् ।**

© Madhyapur thimi municipality

**सूचक ४: पारदर्शीता सम्वन्धि जम्मा ४ वटा प्रश्न साधिएको थियो ।**

४.१ न.पा. मा अहिलेसम्म यस वर्ष कतिवटा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भए ?

१ वटा (९%) २ वटा (१७%) कार्यक्रम बारे कुनै जानकारी नै छैन (६९%) उत्तर नआएको (५%)

४.२ न.पा. मा अहिले सम्म कतिवटा सार्वजनिक परीक्षण कार्यक्रम सम्पन्न भए ?

धेरै (७%) कम (३३% ) भएकै छैन (५५%) उत्तर नआएको (५%)

४.३ न.पा. मा वार्षिक रुपमा सामाजिक परीक्षण भएको छ ?

भएको छ (११%) अहिलेसम्म सञ्चालन भएकै छैन(१२%) कार्यक्रम बारे कुनै जानकारी नै छैन (७१%) उत्तर नआएको (६%)

४.४ सार्वजनिक सुनुवाइमा गरिएका सार्वजनिक प्रतिबद्धता कत्तिको कार्यान्वयन भएको छ ?

धरै (१%) ठीकै (४०%) कम (५३%) उत्तर नआएको (६%)

**समग्रमा पारदर्शीता सम्वन्धि नागरिक प्रतिवेदन पत्रको अन्तिम सूचकका रुपमा पारदर्शीताको विषयलाई समावेश गरिएको छ । यसमा ७ प्रतिशतले सन्तुष्टि व्यक्त गरेका छन् । २५.५ प्रतिशतले आफुपनि केहि कृयाकलापहरुमा सहभागि हुने गरेको भन्दै पारदर्शिताको विषयमा नगरपालिका र संयुक्त वडा कार्यालयले ठिकै खालको क्रियाकलाप संचालन गरेको भनि सन्तोषजनक प्रतिकृया व्यक्त गरेका छन् । ६२ प्रतिशतले भने पारदर्शिताको विषयमा नगरपालिका र संयुक्त वडा कार्यालयले त्यस्तो नियमित क्रियाकलापहरु खासै नगरेको भन्दै असन्तुष्टि व्यक्त गरेका छन् भने ५.५ प्रतिशतले उत्तर दिन चाहेनन् ।**

## अनुसुचि ३:

## वर्हिगमन अमिन (Exit Poll) सर्भेक्षण

यस चरणमा नगरपालिका तथा संयुक्त वडाकार्यालयवाट सेवा लिएर फर्किएका ५० जना (महिलाः २१, पुरुषः २९, दलितः ०, जनजातिः २४ तथा अन्यः २६) सेवाग्राहिहरुसंग अभिमत संकलन गरेका थियौ । सेवा लिन आएका सहभागिहरु मध्येमा कस्तो प्रकारको सेवा लिन आउनुभएको भनि (१) सिफारिस लिन/दिन, (२) दर्ता/नविकरण, (३) आर्थिक सहयोग लिन, (४) योजना माग गर्न, (५) योजनाको किस्ता लिन, (६) योजनाको मुल्याङकन गराउन, (७) योजनाको भुक्तानी लिन, (८) कार्यालयले राखेका सुचना प्राप्त गर्न र (९) सुचनामुलक सामग्री प्राप्त गर्न र (१०) अन्य काम मध्येमा कुन कार्यका लागि कार्यालयसम्म आउनुभएको भनि सोधिएको थियो । यी मध्ये नतिजा यस प्रकार छः

(१) सिफारिस लिन/दिन : १२

(२) दर्ता/नविकरणः २

© Madhyapur thimi municipality

(३) नक्सापास गर्नः ९

(४) निवेदन/उजुरी दिनः १

(५) मालपोत तिर्न : १०

(६) योजना माग गर्नः ४

(७) योजनाको किस्ता लिनः ३

(८) योजनाको अन्तिम भुक्तानी लिनः २

(९) भुकम्प पिडित राहतः ५

(१०) अन्य काम -(आर्थिक सहयोग, महिला कार्यक्रम आदि): २

यस्ता विषयहरुमा सहभागिको धारणा संकलनका लागि ६ वटा प्रश्न गरिएका थिए ।

प्रश्न (१) सेवा लिदा को सँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ?

प्रश्न (२) सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ?

प्रश्न (३) तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?

प्रश्न (४) सेवा प्राप्त गर्न आवश्यक सुचनाहरु (प्रमाण-कागजात र शुल्क-दस्तुर) वारे तपाइलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे ?

प्रश्न (५) तपाईले राख्नु भएको समस्यालाई के कस्तो समाधान दिए ?

र,

प्रश्न (६) सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के कस्तो थियो ? भनि सोधिएको थियो ।

**<u>नतिजा</u>**

| सि.नं. | सेवाको नाम | मूल्याङ्कन -उपयुक्त कोष्ठमा रेजा ( ) लगाउने | | |
|---|---|---|---|---|
| १. | सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ? | अति स्पष्ट<br>१५(३०%) | ठीकै<br>२८(५६%) | अस्पष्ट<br>७ (१४%) |
| २. | सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ? | अति धेरै<br>३ (६%) | ठीकै<br>३६(७२%) | थोरै<br>११ (२२%) |

© Madhyapur thimi municipality

| | | | | |
|---|---|---|---|---|
| ३. | तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसार र मैत्रीपूर्ण<br>२९(५८%) | ठीकै<br>२०(४०%) | अभद्र/अमर्यादित<br>१(२%) |
| ४. | सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण–कागजात र शुल्क–दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ? | अति स्पष्ट गरिदिए<br>१४(२८%) | ठीकै<br>३०(६०%) | अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए<br>६(१२%) |
| ५. | तपाईले राख्नुभएका समस्यालाई के–कस्तो समाधान दिए ? | अति सजिलो तरिकाबाट समाधान दिए<br>२० (४०%) | ठीकै<br>२१(४२%) | समाधान दिन सकेनन्<br>९(१८%) |
| ६. | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के– कस्तो लाग्यो ? | अति सजिलो (छोटो)<br>९ (१८%) | ठीकै<br>३७ (७४%) | लामो र झन्झटिलो<br>४(८%) |

**राम्रा पक्षः**

१. कार्यालय तथा कार्यालय परिसर सफा ।

२. समयमानै कार्य सम्पादन गर्ने ।

३. विद्युतिय हाजिरी भएकाले सबै कर्मचारी कार्यालयमै भेटिने ।

४. कार्यालय परिसरमै पार्किङको व्यवस्था भएको ।

५. सूचना वोर्डको प्रयोग गरिने ।

६. कर्मचारी कार्यकक्षमै भेटिने ।

९. विद्युतिय नागरिक बडा पत्र र वेभसाईटको संचालन तथा अद्यावधिक कार्य ।

© Madhyapur thimi municipality

**सल्लाह सुझावहरु :**

१. वडा कार्यालयमा पाउने सुविधाबारे प्रयाप्त मात्रमा सूचना प्रवाह हुनुपर्‍यो ।

२. काम कारवाही समयमानै समाधान गर्नु पर्‍यो ।

३. जनताले तिरेको करको सहि सदुपयोग गरिनुपर्‍यो ।

४. फोहर मैला व्यवस्थापनमा विशेष ध्यान दिनु पर्‍यो ।

५. नगरपालिकाभित्र राष्ट्रिय भाषा बोल्नुको साथै कर्मचारी नम्र र भद्र व्यवहार गर्नु पर्‍यो ।

६. फाईल सेवाग्राहिले कोठा-कोठामा लान नपर्ने बनाउनु पर्‍यो ।

७. भूकम्पको दोस्रो किस्ता चाडै दिनु पर्‍यो ।

८. मालपोत तथा कर वडा कार्यालयमै तिर्नमिल्ने बनाउनु पर्‍यो ।

९. योजना ठेक्कामा दिने व्यवस्था हटाउनु पर्‍यो ।

१०. कुनै पनि कार्यका लागि चाहिने कागजात के-के हो स्पष्ट देखिने ठाउँमा राख्नु पर्‍यो ।

११. ट्रान्सलेट वडाबाटै हुनु पर्‍यो ।

१२. कर्मचारीले परिचय-पत्र तथा पोशाक अनिवार्य लगाउनु पर्‍यो ।

१३. सूचनाको आदान-प्रदान प्रभावकारी हुनु पर्‍यो ।

१४. नगरपालिकाको भवन अपाङ्गमैत्री हुनु पर्‍यो ।

१५. कार्यालय समयमा कर्मचारी तथा मेयर नआएर कुर्न नपरोस ।

१६. नगरवासीले पाउने सुविधा ढिला नगरी पाउनु पर्‍यो ।

१७. विदा तथा बाहिर गएका कर्मचारीको बारेमा स्पष्ट सूचना पाटिमा लेखिनु पर्‍यो ।

१८. नागरिक वडा पत्र अनुसार सेवा तथा सेवाग्राहि मैत्री पूर्वाधार निर्माण गर्नु पर्‍यो ।

© Madhyapur thimi municipality

### २.३ नगरपालिकामा गुनासा सुनुवाई सम्बन्धी व्यवस्था :

नगरपालिकाले गुनासो सुन्ने संयन्त्र स्थापना गरिएको छ । नगरबासीको गुनासो सुन्नको लागि गुनासो सुन्ने अधिकारी तोकिएको छ भन्ने गुनासो तथा सुझाव पेटीका, छुट्टै टेलिफोन, इमेल इन्टरनेट तथा वेव साईटको व्यवस्था गरिएको छ । गुनासो पेटीका सातामा एकपटक खोल्ने व्यवस्था गरि ती गुनासाहरुलाई समयमै समाधान गर्ने प्रयास गरेका छन् । गत आ.ब.मा न.पा.मा दर्ता भएका २३ वटा उजुरी निवेदन परेकोमा १३ वटा फर्छ्यौट भई १० वटा बिचराधिन रहेको छ । नगरपालिका पक्ष/बिपक्ष भई सम्मानीत अदालतमा दायरा रहेको मुद्दामा ५ वटा फैसला भई १० बिचराधिन रहेको छ । हलो सरकार मार्फत आएका उजुरी ५ वटामा सबै सुनवाई भएको भएको र अन्य गुनासाहरुलाई तत्काल सुनुवाई गर्ने प्रयास गरिएको छ ।

### २.४ सूचना अधिकारीको व्यवस्था र नगरपालिकाको सञ्चार र पारदर्शि सम्बन्धी अभ्यास :

मध्यपुर थिमि नगरपालिकाले कानुन तथा प्रशासन महाशाखा प्रमुख ( वरिष्ठ कानून अधिकृत) श्री केशव सिलवाललाई सुचना अधिकारी तोकिएको छ । स्थानीय सञ्चारमाध्यम र पत्रपत्रिकाहरु ,वेभसाईट मार्फत आवश्यक सूचनाहरु प्रवाहित गरेका छन् । सूचनाको हक सम्वन्धि अधिकारलाई कार्यान्वयन गराउन नगरपालिका प्रतिवद्ध रहेको छ ।

### २.५ वित्तीय जोखिम न्यूनिकरण सम्बन्धी व्यवस्था :

नगरपालिकाले आफ्नो आम्दानी खर्चको विवरण मासिक रुपमा सार्वजनिक गर्ने गरेको छ । यसका साथै म.ले.प.को प्रतिवेदन पनि परिषद हालको नगर सभामा छलफल गराई सार्वजनिक गर्ने गरेको छ । न.पा.ले भक्तपुर एफ एम संग सम्झौता गरे बमोजिम प्रत्येक विहीबार बेलुकी ७:०० देखि ८ बजेसम्म मध्यपुर थिमि हाम्रो सम्पति नामक कार्यक्रम संचालन गरि आय व्यय लगाएतका अन्य गतिविधिहरुको सुचना आम नगरबासीलाई दिने गरिएको छ । साथै प्रत्येक बर्षको आय व्ययको विवरण स्थानीय पत्रिका मार्फत सार्वजनिक गर्ने गरेको छ । यसैगरी वित्तीय जोखिम न्यूनिकरणका क्षेत्रमा आयोजनाको होर्डिङ्ग बोर्ड राख्ने जस्ता कार्यहरु पनि अनिवार्य गरेको छ, अर्थात स्थानीय निकाय श्रोत परिचालन कार्यविधिले तोकेको मापदण्ड बमोजिम नै कार्य गरि रहेको छ ।

© Madhyapur thimi municipality

## परिच्छेद पाँच

## अन्तरसम्बन्ध र समन्वय

### ५.१ ठाडो समन्वय (Vertical Coordination) :

नगरपालिकाले तल्लो तहबाट नै वडा भेलाबाट योजनाहरु छनौट भई प्राथमिकिकरण गरि त्यसकै आधारमा योजनाहरुमा रकमको बिनियोजन हुने गरेको छ । हरेक महिना नगरपालिकामा रिर्पोर्टिङ्ग गर्ने काम गरिएको हुन्छ । नगरपालिकाको निर्देशन, परिपत्र, अख्तियारी तल्लो निकायमा ठाडो समन्वय अर्न्तगत जाने गरेका छन् ।

**<u>नगरपालिकाको नीति,योजना,बजेट तथा कार्यक्रम तर्जुमा प्रकृया:-</u>** **( स्थानीय निकायको भूमिकामा रहदाको अवस्थामा )**

- बजेट पुर्वानुमान र मार्ग दर्शन :- कार्तिक मसान्त सम्म ।
- नगरपालिकालिका बोर्ड बैठक तथा सर्वदयिक बैठक :- कार्तिक मसान्त सम्म ।
- बजेट पूर्वानुमान/मार्ग दर्शनको पुनरावलोकन :- मंसिर पहिलो हप्ता भित्र
- वडा भेला:- मंसिर मसान्त भित्र
- वडा स्तरीय योजना छनौट तथा प्राथमिकिरण :- पुषको पहिलो हप्ता भित्र
- एकीकृत योजना तर्जुमा समितिको बैठक तथा सर्वदलिय संयन्त्र बैठक :- पुषको दोश्रो हप्ता भित्र
- न.पा.बोर्ड बैठक : पुषको तश्रो हप्ता भित्र ।
- नगर परिषद : पुषको मसान्त भित्र ।
- नीति,योजना,बजेट तथा कार्यक्रम सार्वजनिकक : माघ भित्र ।
- स्वीकृत नीति,योजना,बजेट तथा कार्यक्रम कार्यान्वयन :- श्रावण देखि

## ५.२ तेर्सो समन्वय (Horizontal Coordination):

नगरपालिकाले समान हैसियत भएका कार्यालयहरुका वीचमा एक आपसमा समन्वय गरेर अघि बढेको छ । बिभिन्न बिषयगत कार्यालयहरु मार्फत आउने कार्यक्रमहरु पनि न.पा.सँग समन्वय गरेर आपसी समझदारीमा नै कार्य गरेको छ । न.पा.मा आइपर्ने बिपद र जोखिम ब्यवस्थापनका लागि सम्बन्धित कार्यालयहरुका वीचमा आवश्यक समन्वय गरिएको छ । न.पा.को कामलाई प्रभावकारी बनाउनका लागि हरेक महिनाको एक पटक कर्मचारी बैठक र आवश्यकता अनुसार विषयगत कार्यालयहरु संग समन्वय बैठक बस्ने गरिन्छ ।

## ५.३ गैरसरकारी संघसंस्था तथा नागरिक समाजसँगको समन्वय:

सिमित श्रोत साधनवाट अधिकत योजना तथा कार्यक्रमहरु सञ्चालन गर्ने नीति अनुरुप न.पा.ले गैर सरकारी सस्थाहरुसँग समन्वय गरेर विभिन्न योजना तथा कार्यक्रमहरु सञ्चालन कार्य गरेको छ । समाज कल्याण परिषद् मार्फत कार्यक्रम स्वीकृत गराएर न.पा.मा क्रियाकलापहरुका वारेमा जानकारी दिई अनुमति लिई सके पछि मात्र कार्य गर्नु पर्ने कानूनी व्यवस्था भएता पनि कतिपय गैर सरकारी सस्थाहरुले न.पा.लाई थाहा नै नदिई कार्य सम्पादन समेत गरिरहेको अवस्था पनि देखिन्छ । स्थानीय तहसँग समन्वय गरी कार्य गर्ने गैससहरुलाई आवश्यक सहयोग गरि मिलेर नै कार्य गरिरहेको अवस्था न.पा. देखिएको छ । केहि गैससहरुका कार्यक्रमहरुको निगरानी त्यति प्रभावकारी वन्न नसकेको देखिएको छ । सिमित स्रोत र साधन तथा कतिपय अवस्थामा गतिविधीका वारेमा समेत पत्तो नहुदा निगरानीको पक्ष फितलो वनेको देखिन्छ । नागरिक समाजका सस्थाहरुसँग भने स्थानिय निकायहरुले हातेमालो गरेका छन् । नागरिक समाजका सुझावहरुलाई ग्रहण गर्ने, सुधारका लागि पहल गर्ने काम

© Madhyapur thimi municipality

स्थानीय तहहरुले गरिरहेका छन् । न.पा.मा कार्यसञ्चालन गर्ने गैससहरुलाई आर्थिक वर्षको अन्त्यमा कार्यप्रगति विवरण तथा भावियोजना पेश गर्न समिक्षा वैठकमा स्थान दिएको पाइन्छ ।

**५.४ सञ्चार माध्यमसँगको समन्वय :**

मध्यपुर थिमि नगरपालिकामा स्थानीय सञ्चार माध्यम र स्थानीय तह हरु वीचको सम्वन्ध सुमधुर नै देखिन्छ । न.पा.का सवै जसो स्थानिय सञ्चारका माध्यमहरुसँग आवश्यक समन्वय गरि कार्य सम्पादन गरिएको छ । स्थानिय तहको कार्यसञ्चालनका लागि स्थानीय सञ्चारका माध्यमहरुमा लेखहरु प्रकाशन गर्ने, रेडियो कार्यक्रमहरु उत्पादन तथा प्रसारण गर्ने कार्य गरिएको छ । छापा माध्यमहरुमा गतिविधी र जबाफदेहिताका औजारहरुको प्रयोग गर्दा त्यसका विधीहरुका वारेमा लेखहरु प्रकाशन गरिएका छन् । प्रिन्ट मिडिया ,पत्रकार महासंघ सँगको सम्वन्ध पनि सुमधुर छ । महासंघले स्थानीय तहमा सञ्चालित कार्यक्रमहरुमा आफ्नो सहभागीता र सहयोग गर्दै आएको छ । नगर क्षेत्रमा क्रियाशिल पत्रकारहरुको समुह मध्यपुर सञ्चार समाज, मध्यपुर पत्रकार मञ्च, क्रियाशिल पत्रकार समुह भक्तपुर लगाएत मध्यपुरवाट निस्कने स्थानीय पत्र पत्रिकाहरुसंग नियमित समन्वय र सहकार्यमा सञ्चार क्षेत्र प्रवर्द्धन कार्यक्रम समेत सञ्चालन गरि रहेको छ ।

© Madhyapur thimi municipality

# परिच्छेद छ

# निष्कर्ष तथा सुझावहरु

- सहभागितामुलक तथा समावेशी नीति,योजना,बजेट तथा कार्यक्रम तर्जुमा कार्यलाई अझ प्रभावकारी बनाउन राजनैतिक दलहरु,वडा नागरिक मञ्च,सँघसंस्था,समुहहरु तथा स्थानीय बासिन्दाहरुको सक्रिय सहभागिता अभिवृद्धि गर्दै लक्षित समुहको कार्यक्रममा निर्धारित प्रतिशत बजेट विनियोजित गरि कार्यान्वयन गर्नु पर्ने ।
- नगरपालिकाले नियमित रुपमा उपभोक्ता समिति सरोकारवाला पक्ष र वडा नागरिक मञ्चका व्यक्तिहरुलाई अभिमुखिकरण कार्यकम सञ्चालन गरि ऐन नियममा भएका व्यवस्थाका विषयमा जानकारी गराउनुपर्ने । यसो हुँदा प्रसाशनिक समस्याबाट मुक्त हुने ।
- स्थानीय निकायहरुबाट संचालन हुने कार्यक्रमहरुमा जनसहभागिता न्यून हुँदै गएकाले यसका लागि वैकल्पिक व्यवस्था गर्नु पर्ने (जस्तै अधिकांश उपभोक्ता समितिहरुले तोकिए बमोजिमको न्यूनतम लागत व्यहोर्न तयार देखिँदैनन् ) देखिन्छ ।
- सञ्चालित योजना तथा कार्यक्रमको गुणस्तर कायम राख्न र पारदर्शिताका लागि नियमित अनुगमन हुनु पर्ने र कुनै अनियमितता देखिए तुरुन्तै कारवाही गर्ने कानूनी व्यवस्था कडाइका साथ लागू गर्नु पर्ने ।
- उपभोक्ता समितिलाई नियमित रुपमा अभिमुखिकरण कार्यकम सञ्चालन गरि ऐन नियममा भएका व्यवस्थाका विषयमा जानकारी गराउनुपर्ने ।

- नेपालको संविधान २०७२ को भावना र मर्मलाई आत्मसाथ गर्दै संघीय संरचना अनुरुप स्थानीय तहमा भएको निर्वाचनसंगै स्थानीय सरकारको रुपमा कार्यथालनी भई विषयगत कार्यालयहरुबाट समेत कार्यक्रम र जनशक्ति प्राप्त भई आएको हुंदा नगरपालिकाको कार्य सम्पादनलाई चुस्त, पारदर्शी, व्यवस्थित र समयानुकुल गुणस्तरीय एवम् सेवामैत्री ढंगले नगरबासीहरुलाई सेवा प्रवाह गर्ने पर्ने ।
- वित्तीय जवाफदेही तथा आर्थिक अनुशासनमा दिगोपना कायम गर्ने ।
- जनप्रतिनिधिको शीघ्र कार्य गर्ने चाहनाका कारण प्रक्रियागत विधि पालना गर्न पर्ने ।

© Madhyapur thimi municipality